# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सम्पत्ति हो । मानिसले आफ्ना विचारहरुको सम्प्रेषणका निम्ति भाषाको प्रयोग गर्दछ । मानिस सामाजिक प्राणी भएको नाताले पनि भाषा सामाजिक सम्पर्क गर्न, दैनिक जीवन निर्वाहा गर्न तथा विभिन्न ज्ञान आर्जनका कुराहरु गर्न प्रयोग हुँदै आएको छ । भाषा मानवीय अनुभव, अन्तरसोचाइ, अनुभूति, मूल्य वा मान्यता आदिको अभिव्यक्तिका लागि यसको प्रयोग गरिन्छ । यो उच्चार, सञ्चार, श्रवण, लेखन, पठन एवम तदीय कार्यकलापको गतिशीत प्रतिफल हो जसका माध्यमबाट मानिसले आफूलाई विगत, वर्तमान र भविष्यसँग जोड्न सक्छ ।

भाषा शिक्षण गर्नु केवल भाषाको बारेमा शिक्षण गर्नु मात्र नभई भाषिक सिपको शिक्षण गर्नु हो । भाषा शिक्षणको तात्पर्य भाषिक सिपमा दक्षता हासिल गर्नु हो, भाषा शिक्षणले ज्ञान सिप र अभिदृष्टि प्राप्त गर्न सहयोग पुऱ्याउँदछ । भाषिक कौशल वा भाषिक सिपमा मुख्यत सुनाइ, बोलाइ, पढाइ र लेखाइ यिनै चार कुराहरु पर्दछन् । भाषिक सिप अन्तर्गत लेखाइ मध्ये श्रुति लेखन पनि एक महत्त्वपूर्ण पक्ष हो । लेखाइ सिप विकासको अभिन्न अङ्गका रूपमा रहेको श्रुति सुनाइ सिपसँग र लेखन लेखाइ सिपसँग सम्बन्धित हुन्छ । सुनाइ सिपको विकास सँगसँगै लेखाइ सिपको पनि विकास हुने गर्दछ । भाषाका विभिन्न कुशलतामा सक्षम हुनु भनेको सुनाइमा नै दक्षता हासिल गर्नु हो । सुनाइको माध्यमबाट नै विद्यार्थीले लेखन कार्य अघि बढाउन सक्छन् । विशेष गरी यो श्रुति लेखन माथिल्ला कक्षामा भन्दा प्रा.वि कक्षामा बढी महत्त्वपूर्ण हुन्छ । विद्यालयको प्राथमिक स्तरदेखि नै साना-साना बाल बालिकाहरुको भाषिक पृष्ठभूमिको ख्याल गरी भाषा शिक्षकले सुनियोजित तवरले स्तर र आवश्यकतानुरूप सरलबाट जटिलतिरको सूत्रका आधारमा क्रियाकलाप गराएर सुनाइ र लेखाइ सिपको विकास गराउनु पर्दछ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणको पनि अभिन्न गतिविधिका रूपमा श्रुति लेखनको भूमिका हुन्छ । त्यसैले श्रुति लेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्ग बनेको हुन्छ (पौडेल, २०७०:४१) । श्रुति लेखन अरुले भनेको कुरा सुनेर तत्काल त्यस्तै लेख्ने कला भएकाले

विद्यार्थीले पाठ सुनेको आधारमा शब्द, शब्दावली, वाक्य, सिङ्गै अनुच्छेद लेख्ने अभ्यास गर्दछ । शब्द र अनुच्छेदका आधारमा श्रुति लेखन गराउन सकिन्छ । यस कार्यकलाप सञ्चालन गर्ने क्रममा लेखाइको गतिलाई विचार गरी ढिलोढिलो गरेर शिक्षकले पढेर सुनाउने र सुनेको आधारमा लेख्न लगाउने गरेमा शुद्ध, स्पष्ट एवम् लेख्य चिह्नको प्रयोग गरी लेख्ने क्षमताको विकास गर्न सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा शान्त वातावरण र वक्ताले बोलेको श्रोताले बुझ्न सक्ने हुनुपर्दछ ।

शिक्षकले भनेको कुरा सुनेका आधारमा विद्यार्थीले लेख्ने गर्दछन् । उनीहरुले लेखेका कुराहरुलाई शिक्षकले क्रमैसँग जाँची अशुद्ध कुरालाई कालोपाटीमा वा कापिमा नै लेखेर क्रमश सच्चाउन लगाउने अर्थात् लेखेको अंश पुस्तकमा देखाई हेरेर शुद्ध गर्न लगाई शुद्धसँग लेख्ने बानीको विकास गराउन सकिन्छ । श्रुति लेखन गराउँदा शब्दका तहमा, पदावलीका तहमा, उपवाक्य र वाक्यका तहमा र अनुच्छेदका तहमा गराउन सकिन्छ । विशेष गरी श्रुति लेखन तल्ला कक्षाहरुमा गराउने गरिन्छ । तल्ला कक्षाहरुमा श्रुति लेखन गराउँदा श्रवण, उच्चारण र वर्ण विन्यास शुद्धिका लागि सहयोग पुग्छ । प्राथमिक तहमा विशेष गरी शब्द, पदावली, उपवाक्य र उनीहरुले पढिसकेका पाठ दृष्टांश सामग्रीको प्रयोग गर्न सकिन्छ भने माथिल्ला तहमा विवेचना, व्याख्या, समीक्षा, विविध व्यावसायिक, प्राविधिक र अदृष्टांश सामग्रीको प्रयोग गरी श्रुति लेखन कार्यकलाप सञ्चालन गर्न सकिन्छ । जसले गर्दा श्रुति लेखनबाट लेखाइको गति बढाउने क्षमताको विकास गराउन सकिन्छ ।

## १.२ शोध समस्या

अनुसन्धानका सिलसिलामा अनुसन्धेय विषयका रूपमा लिइन्छ । अनुसन्धानको विषयवस्तु वा शीर्षक आफैमा समस्यामूलक हुनेछ । शोधपत्रका निम्ति समस्याको आवश्यकता पर्दछ । अनुसन्धान बौद्धिक र प्राज्ञिक समस्यामा आधारित सत्य तथ्य ज्ञान प्राप्त गर्ने खोजमूलक कार्य हो । नेपाली भाषा शिक्षण गर्नु भनेको भाषाका चारवटै सिप समान रूपमा राख्न लामो समयसम्म प्रयोग गर्ने एक अर्कामा औपचारिक रूपमा आदान प्रदान गर्ने भाषाको लेख्य रूपको महत्त्व अत्यन्तै रहेको छ । तर नेपाली विविध जातजाति, भाषा भाषीले मिलेर बनेको विविधता पूर्ण समाजमा शुद्ध स्तरीय लेखन कलाको विकास गराउनु आवश्यक छ । उक्त आवश्यकता पूरा गर्ने लक्ष्य स्वरूप नेपाली भाषाको शिक्षण

गर्ने क्रममा आधारभूत तहमा महत्त्वपूर्ण रूपमा श्रुति लेखनलाई लिइनेछ । सुनेका कुरामा विभेद पहिचान गर्न सक्नु, शुद्ध श्रवण गर्दै सुनेका कुरालाई शुद्ध रूपमा लेख्ने अभ्यास गराउने लक्ष्य श्रुति लेखनले राखेको हुँदा विद्यालय तहको प्रारम्भिक कक्षाहरुमा श्रुति लेखन लेखाइ भाषिक शुद्धताको विकास गर्नु रहेको छ । सुनेका कुरा जस्ताको त्यस्तै लेख्न सक्ने हुनका लागि श्रुति लेखन कार्य महत्त्वपूर्ण हुन्छ । एउटा कक्षाकोठामा एउटै खाले विद्यार्थी मात्र नभइ उक्त कक्षाकोठामा तीव्र बौद्धिक क्षमता, औसत बौद्धिक क्षमता र मन्द बौद्धिक क्षमता भएका विद्यार्थीहरुलाई समग्रमा श्रुति लेखन गराउँदा त्यससँग सम्बन्धित समस्याहरु आइपर्ने गर्दछ । भाषाका कारणले गर्दा पनि श्रुति लेखनमा समस्या देखा पर्दछ । एउटै कक्षाकोठामा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरु हुने हुदाँ पहिलो भाषीमा भन्दा दोस्रो भाषीमा श्रुति लेखन सम्बन्धी समस्या देखा पर्दछन् । श्रुति लेखनमा यी विविध समस्याहरु रहे तापनि प्रस्तुत शोधपत्रका मुख्य समस्याहरु निम्न लिखित बुँदामा समेटिएको छ :

क) नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

ख) भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

ग) उक्त कक्षाका विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्नको प्रयोगका आधारमा श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत अध्ययनका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क) नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गर्नु

ख) भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलना गर्नु

ग) उक्त कक्षाका विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको अध्ययन गर्नु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

विद्यार्थीहरुको प्रारम्भिक सिप विकास श्रुतिबाटै हुन्छ । भाषिक सिपहरु (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये विद्यार्थीहरुको भाषिक सिपको विकास सुनाइ वा श्रुतिबाटै हुन्छ । यी भाषिक सिपहरु विद्यार्थीको तह, उमेर र स्तरअनुसार विकास हुनु आवश्यक हुन्छ । त्यसैले भाषिक सिपमध्ये पहिलो सुनाइ सँगसँगै लेखाइ सिपको विकास हुनु उत्तिकै महत्त्वपूर्ण मानिने हुँदा श्रुति लेखनको विकास राम्रोसँग भएन भने भाषाका अन्य सिप पनि कमजोर हुने अवस्थामा पुग्दछ । श्रुति लेखन कार्यले सुन्ने र सुनेका कुरालाई सही सम्प्रेषण गर्न सक्ने क्षमताको विकासलाई मजबुत बनाउँछ । यस प्रकारको अभ्यास गर्दा विद्यार्थीको ध्यान केन्द्रित गरी अभिव्यक्ति गर्ने क्षमताको विकास हुनुका साथै सुनेका कुरालाई लेख्य रूपमा अभिव्यक्त गर्न सक्ने बनाउनु यसको मुख्य अभिप्राय हुने हुँदा भाषिक सिपको एकैसाथ विकास हुन्छ । उक्त अभ्यासमा सही श्रवण गर्न सके नसकेको र सुनेका कुरालाई वाक्य गठन गर्न सक्ने क्षमता मापन गर्न श्रुति लेखन उपयोगी हुन्छ ।

बाल बालिकाको दिमागी क्षमतालाई सन्तुलन गरी सही सम्प्रेषण गर्न सक्षम गराउनुका साथै सुनाइ र लेखाइ सिपको पनि विकास गर्न सहयोग पुग्दछ । विद्यार्थीले सुनेका आधारमा के कति लेख्न सक्दछन् भन्ने कुरा श्रुति लेखनबाट पत्ता लगाउन सहज हुने हुँदा प्राथमिक तहमा यसको शिक्षण गर्नु आवश्यक रहेको छ । भाषिक सिपको विकासका क्रममा सुनाइ र लेखाइ सिपको एकैसाथ विकास हुन्छ । उक्त अभ्यासमा विद्यार्थीले सही सुनेकी सुनेनन्, के कति शुद्ध, अशुद्ध लेखे, वाक्य गठन गर्न सकेकी सकेनन् जस्ता कुराहरुको मापन गर्न श्रुति लेखन उपयोगी हुन्छ । त्यसैले लेखन कलालाई शुद्ध, स्तरीय र सहज बनाउनु यस कार्यको उद्देश्य हो ।

प्रस्तुत शोधपत्र नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकमा त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको पाठ्याशं (नेपा.शि. ५४४) को उद्देश्य पूरा गर्ने सन्दर्भमा तयार पारिएको छ । प्रस्तावित शोधपत्रबाट विद्यार्थीको श्रुति लेखन क्षमताको पहिचान गरी आवश्यक सुझाब व्यक्त गर्न उपयोगी हुने देखिन्छ । यसका साथै शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्न, श्रुति लेखन शिक्षणका क्रममा आइपरेका समस्याहरु निराकरण गर्न प्रस्तुत शोधपत्रको महत्त्व रहने छ । श्रुति लेखन शिक्षणबाट गहन

रूपमा सुन्ने, लेख्ने क्षमताको विकास हुनुका साथै शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, विषय विशेषज्ञ आदिका लागि उपयोगी हुने देखिन्छ । यस कार्यबाट नेपाली भाषा शिक्षण, प्रायोगिक भाषा विज्ञानका क्षेत्रमा र भावी अनुसन्धाताका लागि समेत उपयोगी हुने देखिन्छ ।

## १.५ अध्ययनको सीमा

शोधपत्रमा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गरिएको हो सो को किटान गर्नुलाई शोधपत्रको सीमाङ्कन भनिन्छ । अनुसन्धान एक चुनौतीपूर्ण कार्य हो । कुनै पनि अध्ययनलाई पूरा गर्न निश्चित विषयभित्र रहेर अध्ययन अनुसन्धान गर्न आवश्यक हुन्छ । सीमित स्रोत साधन र समयको कारण यस अनुसन्धानलाई व्यापक रूपमा अध्ययन गर्न असमर्थ भएकाले प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

क) प्रस्तुत शोधपत्र नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत १०० जना विद्यार्थीको श्रुति लेखन क्षमतामा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत शोधपत्र वर्ण विन्यास र लेख्य चिह्न प्रयोगमा सीमित रहेको छ ।

ग) कक्षा चारमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरुमा सीमित रहने प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा मात्र विश्लेषण गरिएको छ ।

घ) अध्ययनको निष्कर्ष प्रतिशत र मध्यमानका आधारमा निकालिएको छ ।

# अध्याय – दुई

# पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि कार्य थाल्नुभन्दा अगाडि त्यससँग सम्बन्धित अध्ययन अनुसन्धानहरुको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पहिले भएका अनुसन्धान कार्यहरुबाट धेरै अनुभव लिएर आफूले गर्न लागेको अनुसन्धानलाई सहजता दिन सकिन्छ । यसबाट अनुसन्धानकर्तालाई विगतमा भएका अध्ययनका बारेमा सम्पूर्ण जानकारी उपलब्ध गराई आफ्नो गन्तव्यमा पुग्न मार्गनिर्देशन मिल्दछ ।

यहाँ पूर्वकार्यको रूपमा अनुसन्धानमूलक शोधकार्यको निष्कर्षहरु बढी मात्रामा समावेश गर्न अनुकुल नभएकाले विभिन्न विद्वानहरुद्वारा विद्यालय तथा विश्व विद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्री तथा पूर्व अनुसन्धानका केही निष्कर्षहरुलाई आधार मानी तयार पारिएका सम्बन्धित पाठ्यांशहरुको सङ्क्षिप्त चर्चा गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

प्रस्तावित शोध शीर्षकलाई सहज रूपमा अध्ययन अनुसन्धान गर्नका लागि विभिन्न विद्वान्हरुका पुस्तकहरु सम्बन्धित रहेका पाइन्छन् । ती मध्ये केही प्रमुख पुस्तकहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०६७), द्वारा ***भाषा शिक्षण*** पुस्तकमा सुनेका आधारमा लेख्न लगाउनुलाई श्रुति लेखन भनिन्छ । यसमा शिक्षकले केटाकेटीलाई एक पटकमा कुनै अक्षर, शब्द, वाक्य वा पाठको खास अंश सुनाउने र लेख्न लगाउने गरिन्छ । सुरुमा अक्षर वा शब्द भनिदिने र उनीहरुलाई लेख्न लगाउने, श्रुति लेखन गराउँदा शिक्षकले केटाकेटीको लेखाइको गतिलाई ख्याल गरेर सोही गतिमा अक्षर,शब्द आदि सुनाउने र लेख्न लगाउने गर्नुपर्छ (पृ.२३९) । उक्त पूर्वकार्यले अध्ययनमा सहयोग पुऱ्याएको छ ।

भण्डारी र अन्य (२०६८), द्वारा ***नेपाली भाषा शिक्षण*** पुस्तकमा श्रुति लेखनमा विद्यार्थीलाई वर्ण विन्यास (शुद्धा शुद्धि) मिलाएर लेख्न लगाइन्छ । यस कार्यबाट

विद्यार्थीमा रहेका वर्ण विन्यासगत गल्तीहरुको निराकरण गर्न सजिलो पर्दछ भन्ने कुरा चर्चा गरिएको छ । उक्त पूर्वकार्यले अध्ययनमा सहयोग पुऱ्याएको छ ।

पोखरेल र अन्य (२०६९), द्वारा ***नेपाली भाषा शिक्षण*** पुस्तकमा कुनै पनि कुरा सुनेर त्यसैका आधारमा लेख्नुलाई श्रुति लेखन भनिन्छ । यसका लागि कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्ययुग्म, वाक्यसमूह वा अनुच्छेद सुनाएर त्यसको शुद्ध उच्चारण तथा वर्ण विन्यास मिलाएर लेख्न लगाइन्छ । श्रुति लेखनबाट सुनाइ सिपका साथै उच्चारण शिक्षण र लेखाइ शिक्षणमा समेत सहयोग पुग्ने कुरा उल्लेख गरिएको पाइन्छ (पृ.१०१) ।

पौडेल (२०७०), द्वारा ***नेपाली भाषा शिक्षण*** पुस्तकमा श्रुति लेखनको परिचय, लेखाइ सिपको विकास, श्रुति लेखनको महत्त्व, यसका कार्यकलाप तथा श्रुति लेखनमा शब्द, पदावली, वाक्य र अनुच्छेदहरुको गराउन सकिन्छ भन्ने कुरा चर्चा गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तावित शोधको सैद्धान्तिक रूपरेखा निर्माणमा सहयोग भएको छ ।

शर्मा र पौडेल (२०७२), द्वारा ***नेपाली भाषा शिक्षण*** पुस्तकमा श्रुति लेखनको परिचय, लेखाइ सिप विकास गर्ने कार्यकलाप र श्रुति लेखनको महत्त्वका बारेमा चर्चा गरिएको छ । (पृ.१०४) उक्त पूर्वकार्यले प्रस्तावित शोधको सैद्धान्तिक रूपरेखा तयार गर्नमा उपयोगी भएको छ ।

यी उल्लिखित विद्वान् र उनका पुस्तकका अलवा अन्य विभिन्न पुस्तक पनि यस शोधसँग सम्बन्धित रहेका छन् । त्यसैले उल्लिखित पाठ्य पुस्तकहरुले प्रस्तुत शोध शीर्षकको लागि विद्यार्थीलाई सहयोग पुऱ्याउने छ ।

### २.१.२ शोधकार्यको समीक्षा

यस प्रस्तावित शोध कक्षा चारका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययनसँग सम्बन्धित विभिन्न विद्यार्थीहरुको शोध अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ :

खतिवडा (२०६४), द्वारा ***कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन*** शीर्षकमा लघु शोधकार्य भएको पाइन्छ । उक्त शोधमा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको

तुलनात्मक स्थिति पहिचान गरी निराकरणका लागि सुझाव पेस गर्नु उद्देश्य रहेका छन् । शोधको उद्देश्य अनुरूप विद्यार्थीहरुलाई प्रत्यक्ष केन्द्रबिन्दु मानेर नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनका लागि उदयपुर जिल्ला भित्रका ५।५ ओटा सामुदायिक तथा संस्थागत विद्यालयबाट १०।१० जना गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा नमुना छनोट गरिएको छ । यस अध्ययनमा ५० प्रतिशत भन्दा माथि चिठी तथा निवेदन लेखन क्षमता मापन गराउन सफल विद्यार्थीहरुको संख्या ६७ प्रतिशत देखिएकाले समग्रमा उक्त कार्य सन्तोषजनक रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

सापकोटा (२०६४), द्वारा ***कक्षा नौ र दशका विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन*** शीर्षकमा शोध कार्य गरिएको छ । उक्त शोध लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधसँग सम्बन्धित छ । शोधको उद्देश्य कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेख्ने क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलना गर्नु, सारांश लेखनका कमीकमजोरी पत्ता लगाई निराकरणका लागि सुझाव दिनु । क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही काठमाडौं, भक्तपुर, ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको सारांश लेखन क्षमता उच्च रहेको समग्रमा विद्यार्थीहरुको सारांश लेखन क्षमता निम्न रहेको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६५), द्वारा ***कक्षा नौ पुरा गरेका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन*** शीर्षकमा शोध कार्य भएको पाइन्छ । उक्त शोधका उद्देश्य वादविवाद लेखन क्षमताको अध्ययन गर्नु, संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना गर्नु, कमीकमजोरीका आधारमा सुझाव पेस गर्नु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा यादृच्छिक नमुना छनोटको पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिमाण मध्यम किसिमको रहेको, सहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका, संस्थागतभन्दा सरकारी विद्यालयका, छात्राभन्दा छात्रको तुलनात्मक स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

बराल (२०६६), द्वारा ***कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन*** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोध लेखाइ सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधसँग सम्बन्धित छ । उक्त शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, संस्थागत तथा सरकारी विद्यालयका विद्यार्थीहरुको भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा निष्कर्ष तथा सुझाब पेस गर्नु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय सामाग्री सङ्कलन विधिको उपयोग गरिएको छ । उक्त अध्ययनमा सरकारी विद्यालयका विद्यार्थीहरुको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको, विमातृ भाषी विद्यार्थीहरुको तुलनामा मातृभाषी विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

चापागाई (२०६६), द्वारा ***कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन*** शीर्षक शोधपत्रका लागि तयार पारिएको छ । यसमा पर्वत र बाग्लुङ जिल्लाका पाँच ओटा ग्रामीण र पाँच ओटा शहरी उच्च मा.वि. हरुबाट १०।१० जना विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । पर्वत र बाग्लुङ जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले सो शोधपत्र तयार पारिएको हो । स्थानीयता भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा तयार पारिएको यस शोधमा क्षेत्रीय र वर्णनात्मक विधिको उपयोग गरी सामाग्री सङ्कलन गरिएको छ । यस शोध अध्ययनमा समग्रमा विद्यार्थीले देखाएको निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६७), द्वारा ***कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको एक अध्ययन*** शीर्षकमा शोध कार्य भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरु सिन्धुली जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिल्याउनु, सरकारी र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा निबन्ध लेखन क्षमताको तुलना गर्नु, कमीकमजोरी पत्ता लगाई सुझाब दिनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा सिन्धुली जिल्लाको नगरपालिका भित्र पर्ने चार ओटा विद्यालयका जम्मा ८० जना विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरी जनसङ्ख्याको रूपमा लिएको छ । उक्त शोधमा संस्थागतको तुलनामा सरकारीको, विमातृभाषीको

तुलनामा मातृभाषी, छात्राको तुलनामा छात्रको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६७), द्वारा ***काठमाडौँ जिल्ला भित्रका उच्च मा.वि. तहको कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन*** शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधमा काठमाडौँ जिल्लामा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययनको उद्देश्यमा कक्षा १२ मा अध्ययनरत अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिकताका आधारमा छात्र र छात्राहरुको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमता पहिचान गर्नु र सारांश लेखन सम्बन्धी कमीकमजोरीहरुलाई निराकरण गर्नु आवश्यक सुझाब रहेको पाइन्छ । यस अध्ययनका क्रममा क्षेत्रीय विधिलाई महत्त्वपूर्ण मानिएको छ । काठमाडौँ जिल्ला भित्रका ६० जना विद्यार्थीहरुबाट प्राप्त तथ्याङ्कलाई प्रकृति, लैङ्गिकताका र समग्रताका आधारमा शीर्षक चयन, भाषिक शुद्धता, क्रमबद्धता, मूल भाव व्यक्त र मौलिकता जस्ता पक्षलाई विश्लेषण गरिएको छ । यसरी कक्षा १२ को सारांश लेखन शीर्षक चयनमा ३० जना विद्यार्थीमध्ये ९ जना(३० प्रतिशत) उत्तम र १३ जना(४३ प्रतिशत) मध्यम स्तरका रहेका छन् यसलाई राम्रो मान्न सकिन्छ । निष्कर्षमा भाषिक शुद्धता ठिकै मानिन्छ ।

पाण्डेय (२०६८), द्वारा ***उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन*** नामक शीर्षकमा अध्ययन गरिएको पाइन्छ । प्रस्तुत अध्ययनका उद्देश्यहरु उच्च मा.वि. कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र दोस्रो भाषा हुने विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन, स्थानीयताका आधारमा ग्रामीण र सहरी परिवेशका उच्च मा.वि. मा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन, लैङ्गिकताका आधारमा छात्र र छात्राहरुको निबन्ध लेखन सम्बन्धि के कस्ता कमीकमजोरीहरु छन् पहिचान गर्नु, उक्त कमी कमजोरीहरुलाई निराकरणार्थ आवश्यक सुझाब दिनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा रूपन्देही जिल्लाभित्रका ग्रामीण परिवेशका र बुटवल

नगरपालिका भित्रका ८ वटा उ.मा. बाट १०।१० जनाका दरले ८० जना विद्यार्थीहरु रहेका छन् । विद्यार्थीहरुलाई दिएको शीर्षकको परीक्षण पश्चात् नतिजाको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधमा नेपाली भाषी विद्यार्थीको निबन्ध लेखन क्षमता उच्च रहेको पाइन्छ । ग्रामीण परिवेशका विद्यार्थीको तुलनामा सहरी परिवेशका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उच्च रहेको निष्कर्ष पाइन्छ ।

धिताल (२०६९), द्वारा ***सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन*** शीर्षकमा शोध कार्य पुरा भएको पाइन्छ । उक्त शोध प्रस्तुत शोधसँग मिल्दो अनुसन्धान हो । उक्त शोधका उद्देश्य सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमता पहिल्याउनु, सामुदायिक तथा संस्थागत विद्यालयका छात्र र छात्राहरुको वादविवाद लेखन क्षमता बिच तुलना गर्ने रहेका छन् । सर्वेक्षण र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेर तयार पारिएको उक्त शोधपत्रमा प्राथमिक स्रोततर्फ सिन्धुपाल्चोक जिल्लाका तिन ओटा सामुदायिक र तिन ओटा संस्थागत विद्यालयका १५।१५ जनाका दरले विद्यार्थीहरुको अध्ययन गरिएको छ । यस अध्ययनले सिन्धुपाल्चोक जिल्लामा कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको स्तर राम्रो रहेको स्पष्ट पारिएको छ । साथै लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीको भन्दा छात्र विद्यार्थीको लेखन क्षमताको स्तर राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

थापा (२०६९), द्वारा ***सुर्खेत जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन*** शीर्षकमा अनुसन्धान गरिएको छ । सुर्खेत जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिल्याउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्याथीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमता पहिल्याउनु, विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु उद्देश्यहरु राखी उक्त अध्ययन गरिएको छ । शोधविधिका रूपमा क्षेत्रीय अध्ययन विधि, तुलनात्मक र प्रश्नोत्तर विधिको अबलम्बन गरिएको छ । साथै विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता मध्यम खालको भएको र व्यापक सुधार गर्नुपर्ने, सामुदायिक र

संस्थागत विद्यालयका विद्याथीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता उच्च रहेको, भाषिक पृष्ठभूमिका आधारमा दोस्रो भाषी नेपाली भन्दा पहिलो भाषी नेपालीको अनुच्छेद लेखन क्षमता राम्रो भएको, छात्र विद्यार्थी भन्दा छात्रा विद्यार्थीहरु अनुच्छेद लेखनमा सक्षम भएको निष्कर्ष निकालिएको छ ।

यी उल्लेख गरिएका शोधार्थीहरुका सम्पूर्ण शोधपत्रलाई समावेश गर्न आवश्यक नदेखिएकाले आवश्यकता अनुसार शोधार्थीहरुको शोधपत्र समावेश गरिएको र नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान नभएका कारण यो अध्ययन एक नवीन, सान्दर्भिक र अत्यावश्यक रहेको देखिन्छ ।

## २.२ पूर्वकार्यको अध्ययनको महत्त्व

कुनै पनि कार्यलाई सही र व्यवस्थित रूपमा अगाडि बढाउँदै स्थानसम्म पुग्नको लागि पूर्वकार्यको अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्दछ । यसरी हेर्दा भाषाका अन्य विषयमा अध्ययन अनुसन्धानका विषय क्षेत्रमा भए/गरेका शीर्षकहरुको तुलनामा श्रुति लेखन क्षमतामा कम अध्ययन अनुसन्धान भएकाले पनि यस अध्ययनमा अनुसन्धान हुनु आवश्यक रहेको र भाषाका सबै आधारभूत पक्षको विकास गर्न श्रुति लेखन क्षमता को आवश्यकता धेरै रहेकाले गर्दा यो अध्ययन गर्नु महत्त्वपूर्ण हुने देखिन्छ । पूर्व शोधपत्रमा रहेका कमीकमजोरीलाई ध्यानमा राखी सबल पक्षको अनुकरण गरि प्रस्तावित शोध लेख तयार पारिएको छ । पहिले भए/गरेका शोधपत्रको अध्ययन गर्दा श्रुति लेखन सम्बन्धी अध्ययन अनुसन्धान खासै नभएको हुँदा यस शोधले भाषा शिक्षकका लागि सहयोग पुग्ने देखिन्छ । अझ भन्नु पर्दा नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता सम्बन्धी शीर्षकमा कुनै पनि अध्ययन अनुसन्धान नभएका कारण यो अध्ययन एक नवीन, सान्दर्भिक र आवश्यक रहेको देखिन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

भाषा शिक्षण भनेको भाषा बारेको शिक्षण नभई भाषिक सिपहरुको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । भाषा शिक्षणमा कुनै भाषाको शिक्षण नभएर भाषिक सिपको शिक्षण प्रमुख रूपमा हुन्छ । भाषा शिक्षणमा चारवटै सिपमा

निपूण बनाउनका लागि शिक्षण गरिन्छ । सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत् कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन उपयुक्त लेख्य चिह्न र लिपि प्रयोग गरी स्तरीय लेखन सिप प्राप्त गराउनु लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्मनिर्भर बनेर बाँच्ने लेखन सामर्थ्य दिलाउन लेखन कलाको शिक्षण गरिन्छ (पौडेल, २०७०:८५) । भाषामा मौखिक सिप कमजोर भएमा लिप्यात्मक सिप कमजोर हुन्छ । त्यस्तै सुनाइ सिप कमजोर भएको खण्डमा त्यसको असर बोलाइ, पढाइ र लेखाइमा समेत पर्न गई ती सिपहरु पनि कमजोर हुन्छन् । एउटा सिपको प्रभाव अर्को सिपमा पर्न जाने अनि प्रत्येक सिप पृथक पृथक् रूपमा अस्तित्ववान् हुन नसक्ने भएकाले भाषाका सिपहरु एक आपसमा अन्तर सम्बन्धित अन्योन्याश्रित रहेका हुन्छन् ।

### २.३.१ लेखाइ सिपको परिचय

भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । मौखिक माध्यम बोलाइ र त्यसको लिखित माध्यम लेखाइ हो । आफ्ना अनुभव एवम् विचारलाई व्यक्त गर्न मौखिक अभिव्यक्ति भए पुग्छ तर त्यसलाई विस्तृत परिवेश दिन तथा आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लिखित अभिव्यक्तिको खाँचो पर्दछ । जुन अवस्थामा बोलेर विचार विनिमय गर्न कठिन हुन्छ त्यस अवस्थामा लिखित माध्यमद्वारा विचार विनिमय गर्न सकिन्छ (भण्डारी र अन्य, २०६८:२४९) । भाषाका चार ओटा सिपमध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका हुन्छन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका हुन्छन् । यी सिपहरु एक आपसमा अन्तर सम्बन्धित हुन्छन् ।

भाषाका चार कुशलताहरुमध्ये लिखित अभिव्यक्ति पनि महत्त्वपूर्ण कौशल हो । लेखाइबाट आफ्ना मनमा लागेका कुराहरु र भावनाहरु शब्दका रूपमा सञ्चित गरेर अनन्त कालका लागि सुरक्षित गरी राख्न पनि सकिन्छ । मनका अन्तर भावनाहरुलाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्ति गर्दा मौखिक भाषा र ध्वनि सङ्केतहरुलाई लिपिका माध्यमले अभिव्यक्ति गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्ति ले आफूले अनुभव र ज्ञान गरेको कुराहरुलाई अरू समक्ष

प्रस्तुत गर्न, सम्झनामा राख्न वा साँची राख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्दछ (पौडेल, २०७०:८५) । मानिसको विचारलाई शब्दको रूपमा सञ्चय गरेर अनन्त कालसम्म सुरक्षित राख्ने माध्यम लेखाइ हो । कुनै पनि लेखकले महत्त्वपूर्ण विचारलाई लिपिबद्ध गरेर आज बौद्धिक जगत उज्यालो भएको छ (भण्डारी र अन्य, २०६८:२४७) । शिक्षण सिकाइ क्रियाकलापमा लेखन सिपको पहिलो चरण वाक्य निर्माण भने श्रुति लेखन हो । त्यसैले लेखाइ सिपको विकासको लागि श्रुति लेखनको महत्त्व रहेको पाइन्छ । विद्यार्थीहरुमा लेखनकलाको विकास गर्ने, चित्र वर्णन, अनुलेखन, श्रुति लेखन, निबन्ध लेखन जस्ता लेखाइसँग सम्बन्धित क्रियाकलाप गर्नु, गराउनु पर्दछ । भाषाका जुनसुकै सिपहरुको आफ्नै भूमिका र महत्त्व हुन्छ । यसो भएपनि कुनै कुरालाई स्थायी रूप दिन र जीवित राख्न लेखाइ सिप नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ ।

### २.३.२ प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

भाषाका चार ओटा सिपहरुमध्ये लेखाइ एक महत्त्वपूर्ण सिप हो । भाषिक सिपको अन्तिम अङ्गको रूपमा लिइने लेखाइ मौन रूपमा मनोभाव व्यक्त गर्ने एक महत्त्वपूर्ण माध्यम हो । सुनाइ, बोलाइ र पढाइका अपेक्षा तल्ला तहमा लेखाइको कम प्रयोग गरिने भए पनि यसको अपरिहार्यता स्वीकार्य छ । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ शिक्षणको आवश्यकता दैनिक व्यावहारिक कार्यमा चिठी, लेनदेन टिपोट, जागिर तथा व्यापारिक कार्यमा समेत रहेको हुन्छ ।

लेखन क्षमताको विकास गर्ने गराउने, लेखनमा गति क्रमबद्धता र स्पष्टता ल्याउन लेखाइ सिप नै सहयोगी बनेको हुन्छ । लेखाइलाई नियमबद्ध, व्यवस्थित गराउन प्राथमिक तहबाट नै शुद्धतालाई जोड दिनु पर्दछ । लेखन कलाको आधार प्राथमिक तहबाट नै मजबुद भएमा प्राथमिक तहको अध्ययन पूरा गरेका विद्यार्थीहरुले घरायसी कामकाजका रूपमा प्रयोग हुने लेख्नलाई शुद्ध, स्पष्ट पार्न सक्षम हुनेछन् । विभिन्न विषयका अभिव्यक्तिहरुलाई प्रसङ्ग अनुकूल भाषा शैलीको छनोट गर्ने क्षमता विकास गर्नका साथै हिज्जे, विराम चिह्न, अनुच्छेद क्रमबद्धता जस्ता यावत कुराहरु मिलाउन पनि लेखाइ सिप उपयोगी हुन्छ । त्यति मात्र नभइ सिलसिलेबार ढङ्गमा लेख्न र व्याकरण सम्मत भाषाको

प्रयोग गर्न कुशलता बढाउन पनि प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व रहेको छ ।

### २.३.३ लेखाइ शिक्षणका कार्यकलाप

लेखन कला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग हो । सम्पूर्ण कार्यकलापको लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । यसकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरु गराइन्छ । शिक्षणलाई सफल र प्रभावकारी बनाउन भाषा शिक्षकले विषयवस्तुको प्रकृति र विद्यार्थीको स्तरलाई ध्यानमा राखेर शिक्षण कार्यकलापको सदुपयोग गर्नुपर्दछ । लेखनकलाको महत्त्व कुनै एक क्षेत्रमा मात्र सीमित नभई विभिन्न क्षेत्रमा रहेको छ । लेखाइ शिक्षणलाई उद्देश्यपूर्ण, चिरस्थायी र प्रभावकारी बनाउन विद्यार्थीको शैक्षिक स्तर, विद्यालयको भौतिक साधनको अवस्था, समयको उपलब्धता विषयवस्तुको प्रकृति आदिलाई ध्यानमा राखेर शिक्षकले शिक्षण कार्यकलापको प्रयोग गर्नु राम्रो मानिन्छ । प्राथमिक तहदेखि माथिल्लो तहसम्म लेखन शिक्षण कार्यकलापहरु फरक फरक छन् । लेखन कलालाई विकास गर्दै अगाडि बढाउनको लागि कक्षाको स्तर हेरी आवश्यकता अनुसार क्रमशः प्रयोग र स्तरीकरण गर्दै लैजान सकिन्छ ।

लेखाइ शिक्षणका कार्यकलापहरु निम्न लिखित छन् :

१. अनु लेखन
२. श्रुति लेखन
३. हस्त लेखन
४. वस्तु तथा घटना वर्णन
५. अनुभव वर्णन
६. प्रश्नोत्तर लेखन
७. घटना वा यात्रा वर्णन
८. अनुच्छेद लेखन
९. दैनिक व्यवहारको कागजात लेखन
१०. संवाद लेखन
११. बुँदा टिपोट
१२. निबन्ध लेखन
१३. सङ्क्षेपीकरण
१४. विस्तृतीकरण
१५. टिप्पणी लेखन
१६. प्रतिवेदन लेखन
१७. समीक्षा लेखन
१८. सिर्जनात्मक लेखन

(अधिकारी, २०७०:१०५)

### २.३.४ श्रुति लेखनको परिचय

कुनै कुरा सुनेर त्यसैका आधारमा लेख्नुलाई श्रुति लेखन भनिन्छ । यसका लागि कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्ययुग्म, वाक्यसमुह वा अनुच्छेद सुनाएर त्यसको शुद्ध उच्चारण तथा वर्ण विन्यास मिलाएर लेख्न लगाइन्छ । श्रुति लेखनबाट सुनाइ सिपका साथै उच्चारण शिक्षण र लेखाइ शिक्षणमा समेत सहयोग पुग्ने देखिन्छ (पोखरेल र अन्य २०६९ : १०१) । यस कार्यकलाप अन्तर्गत विद्यार्थीहरुलाई कुनै शब्द, वाक्य तथा अनुच्छेदहरु पढेर सुनाइनुका साथ साथै वर्ण विन्यास मिलाएर लेख्न लगाइन्छ ।

सुनेर बुझेका आधारमा लेख्नु नै श्रुति लेखन हो । लेखाइ सिप विकासको पनि अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलका लागि अपरिहार्य मानिन्छ (पौडेल, २०७० : ४०) । शिक्षकले विद्यार्थीहरुको स्तर र आवश्यकता अनुसार विभिन्न स्तरमा यस्तो अभ्यास गराउन सक्छन् । यस्तो अभ्यास शब्द तहमा, पदावली तहमा वाक्य तहमा र अनुच्छेद तहमा गराउन सकिन्छ । यसबाट विद्यार्थीहरुमा सतर्कता पूर्वक सुन्ने र सोही अनुसार लिपि बद्ध गर्दै लेखाइको गति बढाउने क्षमता विकासमा मद्दत मिल्छ । शब्द तहमा श्रुति समभिन्तार्थक शब्द, मात्रागत भिन्नता भएका शब्द युक्त, वर्णगत कठिनाइ युक्त शब्द तथा लिपि विन्यासमा कठिनाइ युक्त शब्द आदिलाई प्रयोग गर्न सकिन्छ । प्रारम्भिक कक्षाहरुमा विद्यार्थीहरुले पढिसकेका पाठ्यांश अनुच्छेदहरुको उपयोग नै प्रभावकारी एवम् उद्देश्य पूर्वक हुन्छ ।

श्रुति लेखनको अर्थ सुनेर लेख्ने अभ्यास हो । विद्यार्थीले सुनेका आधारमा शब्द पदावली, वाक्य, वाक्यसमूह वा सिङ्गै अनुच्छेद लेख्ने अभ्यास गर्दछ (अधिकारी, २०६५ : १२०) । शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको स्तर र आवश्यकता अनुसार विभिन्न स्तरमा यस्तो अभ्यास गराउन सक्छन् । यस्तो अभ्यास शब्द तहमा, पदावली तहमा, वाक्य तहमा र अनुच्छेद तहमा गराउन सकिन्छ । यसबाट विद्यार्थीमा सर्तकतापूर्वक सुन्ने र सोही अनुसार लिपि बद्ध गर्दै लेखाइको गति बढाउने क्षमता विकासमा मद्दत मिल्छ । शब्द तहमा श्रुति समभिन्नार्थक शब्द, मात्रागत भिन्नता आएका शब्दयुग्म, वर्णगत कठिनाइ युक्त शब्द तथा लिपि विन्यासमा कठिनाइ युक्त शब्द आदिलाई प्रयोग गर्न सकिन्छ । कहिलेकाहीँ अदृष्टांश अनुच्छेदहरुबाट पनि आवश्यकता अनुसार उपयोग गर्न सकिन्छ । प्रारम्भिक कक्षाहरुमा भने

विद्यार्थीहरुले पढिसकेका दृष्टांश अनुच्छेदहरुको उपयोग नै प्रभावकारी एवम् उद्देश्यपूर्ण हुन्छ ।

श्रोताले सुनेर बुझेका भरमा लेख्न सक्ने कलालाई श्रुति लेखन भनिन्छ । कक्षा कोठामा शिक्षकले शब्द पङ्क्ति वाक्य अनुच्छेद भनेका आधारमा विद्यार्थीले सुनेर लेख्ने कार्य गर्दछन् भने त्यो कार्यकलाप श्रुति लेखन हो । विद्यार्थीको लेखाइ सिपको विकासका लागि यो कार्य अभिन्न अङ्गका रूपमा मानिन्छ भने श्रवण कौशल विकासका लागि अपरिहार्य भएको छ । शिक्षकले श्रुति लेखन कार्यकलाप गराउँदा शब्द तह र अनुच्छेद तहमा गराउँदा उपयुक्त हुन्छ । यसमा शिक्षकले केही शब्ददेखि अनुच्छेदसम्मका एकाइहरु भनि दिएर विद्यार्थीलाई सुनेका आधारमा लेख्न प्रेरित गर्नुपर्छ र लेखेका कुरालाई जाँची उनीहरुको श्रवण, दक्षता र कमजोरी पत्ता लगाई रचनात्मक हौसला बढाउनु पर्छ । विद्यार्थीमा उच्चारण र वर्ण विन्यास, शब्द गठन, विराम चिह्नको प्रयोग द्रुत लेखन क्षमता विकास गर्न श्रुति लेखन कार्यकलाप विद्यालय तहमा महत्त्वपूर्ण हुन जान्छ ।

### २.३.५ श्रुति लेखनको आवश्यकता र महत्त्व

शोध कार्यमा प्राज्ञिक तथा अनुसन्धात्मक आवश्यकता र उपयोगिता माथि प्रकाश पार्नु पर्छ र आफ्नो शोधकार्य सम्पन्न भईसकेपछि त्यसबाट कसकसलाई कुन कुन पक्षमा के कस्तो लाभ उपलब्धि वा सहयोग पुग्न सक्छ सो बारेमा तर्कपूर्ण उल्लेख गरिनु पर्दछ । यस अन्तर्गत शोधकार्य समाप्त भएपछि कसलाई कुन पक्षमा के कस्तो उपलब्धि वा सहयोग हुन्छ त्यसका बारेमा उल्लेख गरिन्छ । अनुसन्धाताले गर्न लागेको प्राज्ञिक तथा अनुसन्धानात्मक आवश्यकता र उपयोगितामाथि प्रकाश पार्नु नै शोधको औचित्य हो (भण्डारी र अन्य २०७१ : १२८) । अध्ययनबाट शोधार्थी, पाठक, सरोकारवालाका लागि समेत के कस्तो उपलब्धि हुन्छ भनि चर्चा गरिन्छ ।

भाषाका चार वटा सिपहरुमध्ये लेखाइ एक महत्त्वपूर्ण सिप हो । सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ, बोलाइ र पढाइका अपेक्षा तल्ला तहमा लेखाइको कम प्रयोग गरिने भए पनि यसको अपरिहार्यता स्वीकार्य छ । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ शिक्षणको आवश्यकता दैनिक व्यावहारिक कार्यमा चिठी, लेनदेन टिपोट, जागिर तथा व्यापारिक

कार्यमा समेत रहेको हुन्छ । प्रस्तावित शोध प्रस्ताव कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकमा गरिने शोध कार्य त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश (नेपा.शि. ५४४) को उद्देश्य पुरा गर्ने सन्दर्भमा तयार पारिएको छ । प्रस्तावित शोधप्रस्ताव कक्षा चारमा अध्ययनरत विद्याथीहरुको श्रुति लेखनमा केन्द्रित रहने छ । यस अध्ययनमा पाठकका प्रक्रियाहरुलाई समेत अध्ययन गरी विश्लेषण गरिने छ ।

सुनाइ र लेखाइ सिप एकैसाथ अभ्यास गराउने कार्य हुने भएकाले श्रुति लेखनद्वारा व्यक्तिको कुनै खास सिपको मात्र विकास नभएर भाषिक सिपको सुनाइ र बोलाइ दुई वटै पक्षको विकास हुन्छ । यसले गर्दा विद्यार्थीको स्पष्टसँग सुन्ने र सुनेको कुरालाई शुद्ध लेख्ने बानिको विकास हुन्छ । सुनाइको सम्बन्ध मस्तिष्कसँग हुने भएकोले मानसिक विकासमा पनि यसले मद्दत गर्दछ ।

## २.४ श्रुति लेखनको प्रयोजन

सुनेका कुरालाई जस्ताको तस्तै लेख्नु नै श्रुति लेखन हो । श्रुति लेखन कार्यले सुन्ने र सुनेका कुरालाई सही सम्प्रेषण गर्न सक्ने क्षमताको विकासलाई मजबुत बनाउँछ । यस प्रकारको अभ्यास गर्दा विद्यार्थीको ध्यान केन्द्रित गरी अभिव्यक्ति गर्ने क्षमताको विकास हुन्छ साथै सुनेका कुरालाई लेख्य रूपमा अभिव्यक्त गर्न सक्ने बनाउनु यसको मुख्य अभिप्राय हो । श्रुति लेखनको प्रयोजन निम्नानुसार रहेको छ :

१. द्रुत लेखन क्षमताको विकास गर्नु

२. उच्चारण अनुसारको मानक लेखन क्षमताको विकास गर्नु

३. उपयुक्त हिज्य, वर्ण विन्यासगत लेखन दक्षतामा विकास गर्नु

४. अरुको आशय बुझ्नु र प्रतिक्रिया गर्नु

५. अरुले भनेका कुरा सुनेका आधारमा लेख्न सक्नु

६. श्रुति लेखनले सुनाइ र लेखाइ क्षमता मात्र विकास नगरी बोलाइ र पढाइ क्षमता पनि विकास गर्नु ।

### २.४.१ श्रुति लेखनका त्रुटिक्षेत्रहरु

सुनेका कुरालाई जस्ताको त्यस्तै लेख्नु नै श्रुति लेखन हो । यसले लेखाइमा शुद्धता र स्पष्टता ल्याउन सहयोग गर्दछ । श्रुति लेखनले सुनेका कुरालाई शुद्धताका साथ लेख्ने बानिको विकास गराई लेखन कार्यमा आएका कठिनाइको सहजतापूर्वक समाधान गर्न सक्ने बानिको विकास गराउँछ । श्रुति लेखन कार्यले लेखाइमा शुद्धता ल्याउनुका साथै श्रवण क्षमताको पनि विकास गराउँछ । श्रुति लेखन कार्यमा देखिने त्रुटिका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

श्रुति लेखन गर्दा उचित स्थानमा विराम चिह्न प्रयोगको ख्याल नगर्नु, शब्द उच्चारण अनुरूप सही वर्ण मिलाएर लेख्न नसक्नु, शुद्ध श्रवण अनुरूप लेख्न नसक्नु, सुन्दा उस्तै उस्तै लाग्ने वर्णहरु लेख्दा अल्मलिनु, श्रुति लेखन कार्यमा एकैसाथ सुनाइ र लेखाइ कार्य हुने हुँदा ध्यान पूर्वक सुन्न र सोही अनुरूप लेख्न अल्मलिनु, ध्वनि उच्चारण ध्यानपूर्वक नसुन्दा लेखनमा गलत प्रयोग हुन पुग्नु आरोह, अवरोह, गति यतिको ध्यानपूर्वक श्रवण नगर्नु, लेखन कार्यमा उदासीन, नैराश्यता पैदा हुन्छ ।

### २.४.२ श्रुति लेखनमा देखिने त्रुटि र निराकरणका उपायहरु

श्रुति लेखन कार्यमा विभिन्न किसिमका त्रुटिहरु आइ पर्दछन् । शिक्षकले उक्त त्रुटिहरुलाई सावधानीपूर्वक अध्ययन गरी सही निर्देशन गर्नसक्नु पर्दछ । श्रुति लेखन सुन्ने र सुनेका कुरालाई लिपिबद्ध गर्ने कार्यमा विद्यार्थीहरुलाई सचेततापूर्वक सुन्ने र सुनेका कुरालाई सही निर्देशन गर्नसक्नु पर्दछ । श्रुति लेखन सुन्ने र सुनेका कुरालाई लिपिबद्ध गर्ने कार्यमा विद्यार्थीहरुलाई सचेततापूर्वक सुन्ने र सुनेका कुरालाई सही रूपमा लेख्न सक्ने बनाउनको लागि लेखनमा अभ्यास गर्नुपर्दछ र विद्यार्थीले लेखाइका विशेषताहरुलाई उभ्याउन सक्ने हुनुपर्दछ । श्रुति लेखनमा विद्यार्थीहरुले निम्न त्रुटिहरु गर्न सक्दछन् :

#### क) प्रस्तुतीकरणगत कमजोरी वा त्रुटि

प्रस्तुतीकरण एउटा कला हो । श्रुति लेखन गराउँदा प्रस्तुतीकरण राम्रो भएन भने लेखाइमा त्रुटि हुने गर्दछ । श्रुति लेखन गराउँदा सिलसिला नमिल्नु, भद्दापन हुनु, असम्बद्ध र अस्पष्ट हुनु भनेकै प्रस्तुतीकरणका कमजोरीहरु हुन् । श्रुति लेखन गराउने क्रममा विद्यार्थीहरुले लेखन प्रस्तुतीकरणलाई मूल्याङ्कन गरी विद्यार्थीले कुन कुन ठाउँमा के

कस्तो त्रुटि गरे ती त्रुटि पक्षलाई औँल्याउँदै पुनर्लेखन गर्न लगाई यस किसिमको त्रुटि निराकरण गराउन सकिन्छ ।

**ख) वाक्य रचनागत कमजोरी वा त्रुटि**

वाक्य रचनामा पनि लेखाइ सम्बन्धी त्रुटिहरु पाइन्छन् । विशेषगरी वाक्य रचनाका त्रुटि बोलाइबाट प्रभावित हुन्छन् । लिङ्ग, वचन, क्रिया, विशेषण, पदसङ्गति आदि नमिल्नु वाक्य रचनामा पाइने कमजोरीहरु हुन् (भण्डारी र अन्य, २०६८:२५७) । विशेषगरी यसमा दोस्रो भाषा नेपाली भएकाहरुमा त्रुटि हुने गर्दछ । यसमा वाक्य संयोजनमा लेख्य चिह्न, वाक्य गठन, शब्द भण्डार आदिमा त्रुटि हुने गर्दछ । वाक्य रचना वा वाक्य गठनमा पाइने यस्ता प्रकृतिका त्रुटिहरुलाई कुन क्षेत्र र पक्षबाट त्रुटिहरु भएको छ त्यसको अभ्यासमा सरिक हुन सकेमा यस्ता त्रुटिहरुलाई निराकरण गर्न सकिन्छ ।

**ग) शब्दार्थ प्रयोगमा हुने त्रुटि वा कमजोरी**

लेखाइमा शब्दार्थ प्रयोग सम्बन्धी त्रुटिहरु हुन सक्दछन् । शब्दहरु ज्ञानका अभावले गर्दा लेखाइमा शब्दहरुको त्रुटि हुने गर्दछ । विद्यार्थीले कुनै पनि शब्दहरु लेख्दाखेरी वा उक्त शब्दहरुको प्रयोग गर्दा के कसरी प्रयोग गरेको छ भन्ने कुराको पहिचान गरी वा त्रुटिपक्षलाई केलाई शब्दार्थगत वाक्यहरुलाई पुनर्लेखन गराएर यस्ता कमजोरी वा त्रुटिलाई निराकरण गर्न सकिन्छ ।

**घ) वर्ण विन्यासगत कमजोरी वा त्रुटि**

विद्यार्थीहरुलाई श्रुति लेखन गराउँदा सबैभन्दा धेरै त्रुटि गर्ने क्षेत्र भनेको वर्ण विन्यास हो । यसमा विद्यार्थीहरुले ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, विभक्ति, श-स-ष, शिरविन्दु, चन्द्रविन्दु, ज्ञ-ग्यँ, छ्य-छे, छ्या-क्ष, ए-ऐ-य आदि वर्ण विन्यासमा त्रुटि गरेको पाइन्छ (भण्डारी र अन्य, २०६८:२५७) । विद्यार्थीहरुमा यस्ता त्रुटि हुन नदिनको लागि यस्ता समग्र त्रुटि पक्षलाई केलाएर पुनः कमजोरी दोहोरिन नदिन निराकरणात्मक शिक्षण गराउनु पर्दछ ।

**ङ) वैचारिक कमजोरी वा त्रुटि**

वैचारिक पनि लेखाइमा पाइने अर्को कमजोरी वा त्रुटि हो । विचारको शृङ्खला मिलेन भने लेखाइ उपयुक्त नहुन सक्छ । कुनै पनि कुरा लेख्दा ध्यानपूर्वक तथा विचार

पुऱ्याएर मात्र लेख्नु पर्दछ । कुनै पनि कुरा लेख्दा विचार पुऱ्याएर नलेख्ने हो भने लेखाइ अस्पष्ट हुने र अर्थको अनर्थ लाग्ने हुँदा लेखाइमा विचार पुऱ्याउनु पर्ने हुन्छ । विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई केलाई उक्त त्रुटि हटाउन प्रोत्साहन गर्न सकिन्छ ।

**च) सफाइ सम्बन्धी कमजोरी वा त्रुटि**

कुनै पनि कुरा लेख्दा सफा र स्पष्ट हुनु आवश्यक छ । विद्यार्थीले लेख्दा केरमेट गर्ने, अनावश्यक मसीको प्रयोग, बाङ्गोटिङ्गो, नराम्रो अक्षर आदि भद्दापन रह्यो भने सफाइ सम्बन्धी त्रुटि देखापर्दछ । यस्तो त्रुटि पनि विद्यार्थीहरुलाई उचित निर्देशन दिएर वा प्रशिक्षण गराएर हटाउन सकिन्छ ।

त्रुटि लेखन कार्यमा विभिन्न त्रुटिहरु आइ पर्दछन् । शिक्षकले उक्त त्रुटिहरुलाई सावधानिपूर्वक अध्ययन गरी सही निर्देशन गर्नसक्नु पर्दछ । श्रुति लेखन सुन्ने र सुनेका कुरालाई लिपिबद्ध गर्ने कार्यमा विद्यार्थीहरुलाई सचेततापूर्वक सुन्ने र सुनेका कुरालाई सही रूपमा लेख्न सक्ने बनाउन निम्नानुसारका सुधारात्मक उपायहरु अवलम्बन गर्न सकिन्छ :

१. कमजोरीहरुको पहिचान गर्ने,

२. कमजोरीहरुको वर्गीकरण र सूचीकरण गर्ने,

३. आवश्यक सामग्रीहरुको निर्माण र प्रयोग गर्ने,

४. थप प्रयत्न र अभ्यास गराउने,

५. शुद्ध लेखाइलाई अङ्क दिने,

६. विद्यार्थीहरुका बिच सहकार्य गराउने,

७. अशुद्धिहरु देखाइदिने,

८. विद्यार्थीको उपस्थितिमा अशुद्धिहरु सच्याइदिने,

९. शुद्ध लेखनमा अभिप्रेरित गर्ने

१०. चिह्न बिराम, गति, यति, आरोह, अवरोह अनुसार शब्द उच्चारण गर्ने र सोही अनुसार लेख्न प्रेरित गर्ने ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नका लागि बनाइएको योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । कुनै पनि अनुसन्धान कार्य विना तयारी सम्भव हुँदैन । अनुसन्धान योजनामा विषयको छनोटदेखि लिएर समस्याको पहिचान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, निष्कर्ष र प्रतिपादन र उक्त निष्कर्षलाई वैज्ञानिक रूपमा प्रस्तुत गरिन्छ । यस किसिमको अनुसन्धान ढाँचालाई बृहत् योजनाका रूपमा लिइन्छ । यसर्थ अनुसन्धान कार्यको बृहत् योजना नै अनुसन्धान ढाँचा हो । यस अध्ययनमा मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित भएर शोधकार्य अगाडि बढाइएको छ ।

### ३.१.१ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत शोध अध्ययनमा शैक्षिक सत्र २०७३ कक्षा चारमा अध्ययनरत नवलपरासी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

प्रस्तुत शोध अध्ययनमा उपयुक्त सिङ्गो जनसङ्ख्याबाट सम्भावनायुक्त नमुना छनोटका आधारमा प्रतिनिधि नमुना छनोट गरिएको छ । यस क्रममा नवलपरासी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा दश ओटा विद्यालयबाट दश दश जनाका दरले सय जना विद्यार्थीलाई नमुना छनोटका रूपमा लिइएको छ ।

### ३.१.२ सामग्री निर्माण

प्रस्तुत शोध अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका रूपमा कक्षा चारको नेपाली किताबबाट विद्यार्थीले पढिसकेको कुनै विधाबाट तिन ओटा दृष्टांश र विद्यार्थीलाई थाहा नभएको नपढेको पुस्तकबाट तिन ओटा अदृष्टांश सामग्रीको प्रयोग गरी श्रुति लेखन गराई त्यसको पूर्व परीक्षण गरिएको छ र प्राप्त नतिजाका आधारमा दृष्टांशबाट केही शब्द एक अनुच्छेद र एक संवाद लिइएको छ । त्यसै गरी अदृष्टांशबाट केही शब्द, एक अनुच्छेद र संवाद लिई श्रुति

लेखन गराई सामाग्री सङ्कलन गरिएको छ । त्यस्तै द्‌वितीयक स्रोतका रूपमा पाठ्यसामग्री, अघिल्ला वर्षका शोधपत्रहरु सन्दर्भ पुस्तकहरुको खोजी गरी व्यापक अध्ययन गरिएको छ ।

### ३.१.३ पूर्व परीक्षण

पूर्व परीक्षणका लागि १० जना विद्‌यार्थीमा उपयुक्त शब्द, अनुच्छेद र संवादको श्रुति लेखन कार्य गरिएको छ । विभिन्न शोध निर्देशक तथा विषय विशेषज्ञबाट आवश्यक सुझाब, सल्लाह लिई श्रुति लेखनका लागि तयार गरिएको तिन ओटा दृष्टांश र तिन ओटा अदृष्टांश विधालाई नवलपरासी जिल्लामा रहेका एक विद्‌यालयका दश जना विद्‌यार्थीमा पूर्व परीक्षण गर्दा दृष्टांशबाट केही शब्द अनुच्छेद र संवाद अनि अदृष्टांशबाट केही शब्द, एक अनुच्छेद र संवाद श्रुति लेखनका लागि उपयुक्त देखिएकाले सोही अनुसार ती सामग्रीलाई उपयुक्त ठानी श्रुति लेखन गर्न लगाइएको छ । परीक्षण गर्दा पूर्णाङ्कको वर्गीकरण गर्न सकिन्छ ।

वर्ण विन्यास : ४५

चिह्न प्रयोग : २०

जम्मा : ६५

### ३.१.४ तथ्याङ्क सङ्कलन

पूर्व परीक्षणबाट उपयुक्त शब्द, अनुच्छेद र संवाद निर्धारण गरेपछि तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएको विद्‌यालयहरुमा गई सम्बन्धित विद्‌यालयका विषय शिक्षकको आवश्यक सहयोग लिई विद्‌यालय प्रशासनसँग समन्वय गर्दै त्यहाँ रहेका विद्‌यार्थीहरुमा गोला प्रथाद्‌वारा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको शैक्षिक सत्र २०७३ का चार कक्षामा पढ्‌ने दश विद्‌यालयका दश दश जना विद्‌यार्थीहरुलाई छुट्टै कोठामा राखी आवश्यक निर्देशन दिएर श्रुति लेखनका लागि २:१५ मिनेटको समय निर्धारण गरियो । नमुनाका रूपमा चयन गरिएको विभिन्न विद्‌यालयका श्रुति लेखन गरिएको उत्तरपुस्तिकालाई सङ्कलन गरी वर्ण विन्यास र लेख्य चिह्न प्रयोगको परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.१.५ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन

कुनै पनि अनुसन्धानको मुख्य कुरा तथ्याङ्क सङ्कलन हो । प्रस्तुत शोध अध्ययनको शीर्षक लेखाइ सिपसँग सम्बन्धित भएकाले तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त श्रुति लेखनमा अङ्कित गरिएको प्राप्ताङ्कलाई समग्र रूपमा विद्यार्थीको भाषिक पृष्ठभूमि, लैङ्गिकताका आधारमा वर्ण विन्यास र चिह्न प्रयोग आदिलाई तालिकाबद्ध गरिएको छ । तथ्याङ्क विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान निकालिएको छ र प्रतिनिधि नमुना समाविष्ट विद्यार्थीहरुमध्ये मध्यमानभन्दा माथि कति प्रतिशत छन् र कति प्रतिशत मध्यमानभन्दा तल छन् भनेर गणना गरिएको छ । मध्यमान तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरु निम्नानुसार रहेका छन् :

१. प्रतिशताङ्क निर्धारण गर्न प्रयोगमा आउने सूत्र

प्रतिशताङ्क (P) = $\frac{\text{प्राप्ताङ्क}}{\text{कुल पूर्णाङ्क}}$ १००

यहाँ P = प्रतिशताङ्क

R = प्राप्ताङ्क

T = कुल पूर्णाङ्क

२. मध्यमान निर्धारण गर्न प्रयोगमा आउने सूत्र

मध्यमान $\bar{X} = \frac{\Sigma X}{N}$

यहाँ,

$\bar{X}$ = मध्यमान

$\Sigma X$ = प्राप्ताङ्कहरुको कुल योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

### ३.१.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्न अनुसार रहेको छ :

**अध्याय एक : शोध परिचय**

प्रस्तुत शोधपत्रको शोध परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, शोध समस्या, शोधको उद्देश्य र अध्ययनको सीमा रहेका छन् ।

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा**

प्रस्तुत शोधपत्रको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा रहेको छ । यस अध्याय अन्तर्गत पुस्तक समीक्षा, शोध कार्यको समीक्षा, पूर्वकार्यको अध्ययनको महत्त्व, सैद्धान्तिक अवधारणा, लेखाइ सिपको परिचय, प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, लेखाइ शिक्षणका कार्यकलाप, श्रुति लेखनको परिचय, श्रुति लेखनको आवश्यकता र महत्त्व, श्रुति लेखनको प्रयोजन, श्रुति लेखनका त्रुटि क्षेत्रहरु र श्रुति लेखनमा देखिने त्रुटि र निराकरणका उपायहरु रहेका छन् ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत शोध अध्ययनको अध्ययन विधि र प्रक्रिया अध्यायमा अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामाग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण र मूल्याङ्कन र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण**

यस अध्याय अन्तर्गत समग्र विद्यार्थीहरुको शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण, समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति र मध्यमानका आधारमा समग्र श्रुति लेखन क्षमताको स्थिति प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच : भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति**

यस अध्याय अन्तर्गत पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति देखाइएको छ । मध्यमान र प्रतिशतका आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

**अध्याय छ : लैङ्गिकता, वर्ण विन्यास र चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको स्थिति**

यस अध्यायमा छात्र र छात्राहरुले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान र प्रतिशत निकालिएको छ । छात्रा र छात्रहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै वर्ण विन्यास र चिह्न प्रयोगका आधारमा मध्यमान र प्रतिशतका रूपमा प्रस्तुत गरिएको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**सन्दर्भ सामग्री सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय : चार

# शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण

लेख्य वर्णहरुको व्यवस्थित रखाइको क्रम वर्ण विन्यास हो । वर्णहरुको यही शुद्ध रखाइ क्रमको शिक्षणलाई वर्ण विन्यास शिक्षण भनिन्छ । मात्रा, अनुनासिकता, पदयोग, पदवियोग, हलन्त, अजन्त, पञ्चम वर्णहरुको विन्यास, शिरबिन्दु, चन्द्रबिन्दु, ह्रस्वदीर्घ, ब/व,श/स/ष को प्रयोग आदिको शिक्षण गरी शुद्ध र स्तरीय रूप सिकाउनु वर्ण विन्यास शिक्षण हो । यसरी कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको शब्दगत वर्ण विन्यासको त्रुटिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.१ शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण

नवलपरासी जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १० विद्यालयका १०० जना विद्यार्थीहरुमा २५ ओटा शब्दहरुको श्रुति लेखन गराई उनीहरुको वर्ण विन्यासगत त्रुटिहरु प्रस्तुत गरिएको छ । श्रुति लेखन गराउनका लागि छनोट गरिएका शब्दहरुमा ण, स र य वर्ण जस्ता शब्दहरुको समावेश गरिएको छ । त्यसमा पनि सुन्दा उस्तै सुनिने तर लेखाइमा फरक हुने शब्दहरु पनि प्रस्तुत गरिएको छ । शब्दगत वर्ण विन्यासको त्रुटिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| सुनाइएको शब्द | विद्यार्थीले लेखेको अशुद्ध रूप | त्रुटि गर्ने सङ्ख्या | प्रतिशत | शुद्ध लेख्ने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति | सम्पति, समापति, सम्पत्ती, सपती, सम्पत्ति, सम्पती, समपती, सौमपती | ५८ | ५८ | ४२ | ४२ |
| भविष्य | भबिष्य, भविष्य, भविस्य, भबिस्यो, भतिव्य, भविव्य, भबीसय, भविश्ये, भवीसे, भभिस, भविसय, भबसो | ६२ | ६२ | ३८ | ३८ |
| बुद्ध | वुद्ध, वुध, बुद्ध, बुध, वुद्ध, बुद्ध, बिद, बुर्ध, ब्दध, बदुध, बुद | ५४ | ५४ | ४६ | ४६ |

| | | | | | |
|---|---|---|---|---|---|
| दुर्व्यवहार | दुव्येबहार, दुरवेबहार, दुरबेबाहार, दुबेबाहार, दुव्यवहार, दुरबेववार, दुरबबाहर, दुबार, दुर्वव्यवहार, दुर्व्यवहार, दुन्यैहार, दुरव्यवहार, दुरबेबार | ६५ | ६५ | ३५ | ३५ |
| विष्णुमती | विणुमति, बिस्नुमति, विस्नुमती, विष्णुमती, बिनुमती, बिस्नुमर्ती, विसनुमती, विष्णुमति, विनीमति, बिसनुमति | ५२ | ५२ | ४८ | ४८ |
| कुबेर | कूबेर, कुवेर, कूवेर, कुबेर, कबेर | १३ | १३ | ८७ | ८७ |
| ऋण | रिन, रीन, रिण, ऋण, ऋ, ऋिण, रिड, रान, त्रण, रीड, रिन्न | ७२ | ७२ | २८ | २८ |
| गणेश | गगेश, गँण्श, गडेण्श, गडेश, गडेस, गवेश, गण्डेश, गणेस, गण्डेस, गढश, गगेश | ६३ | ६३ | ३७ | ३७ |
| महत्त्वपूर्ण | महत्त्वपूर्ण, महवपूण, महत्त्वपूर्ण, महतोपुर्ण, महत्योपुर्ण, महतोपुन, महतपुण, महत्तपण, मयेतोपड, महोतपड, महत्योफुर, महत्त्वपूर्ण | ७२ | ७२ | २८ | २८ |
| चाडपर्व | चाडपर्ब, चाठपर्व, चाडपर्व, चाडपव, चारपरव, चाटपर्व, चाठपन, चतपव, चाडपरव | ५२ | ५२ | ४८ | ४८ |
| शीतका | सीतका, सितका, शितका, शीतका, शाम्तिका, सीलका | ३१ | ३१ | ६९ | ६९ |
| सान्त्वना | शान्तोना, सान्तोना, सात्वना, सान्तवना, सानवना, सान्त्वना, तान्त्वना, सातोना, सान्त्वना, साभत्वना, सन्त्वना, सानत्वना, सानपना, सावत्वता, सनपन, सानतैना, सन्तनी, सातेना | ७४ | ७४ | २६ | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| विशिष्ट | विश्ष्ट, बिशिष्ट, विशिन्ड, विशिणत, विशिपट, विथिष्ट, बिसीट, विशिष्ट | ७१ | ७१ | २९ | २९ |
| व्यवहार | वयवहार, व्यहार, बेवाहार, व्यवहार, व्यव्यहार, बवहार, बेबार, व्यवाहार, वेवाहार | | | | |
| स्कुल | इस्कुल, स्कूल, यिसकुल, स्कुलु, उकुल, इसकुल | ३४ | ३४ | ६६ | ६६ |
| पृथ्वी | पृथिवि, प्रिथिवी, पिठीबी, पृथिवि, पृथ्वी, पृरदीवी, पुथ्वी, पुदीमी, पुदीव्यी, परथपा, पथीवि, पस्वी, विवीवी, पीरतीवी, प्रथिव, पृथवि | ७४ | ७४ | २६ | २६ |
| घोषित | घोसित, घोपित, धोषित, घोति, घोसीत, घोशीत, घोपित, घोसति | ३५ | ३५ | ६५ | ६५ |
| आवश्यक | आवषेक, आवशेक, आवसेक, आवयक, आबासए, आवासेक, अबरक, आवश्यक, आवाश्यक, आवसक, आवसोत, आव्श्क, आबसोक, आवस्यक | ५६ | ५६ | ४४ | ४४ |
| भलिबल | वलीबल, भलिबल, भलीवल, भलिवल, भलिभल, बलीवल | ४६ | ४६ | ५४ | ५४ |
| चरण | चरर्ण, चरणन, चरन, चरण, चस्यो | २६ | २६ | ७४ | ७४ |
| विषालु | बिसालु, बिषालु, विशालु, विशलु, विसालु, विसालू, बिसालु, बिसानु, विषालु | ५६ | ५६ | ४४ | ४४ |
| व्यक्ति | व्यती, वेती, व्यकथी, व्यक्ति, बेक्ती, बेकती, वेयक्ति, व्यकति, व्यकती, ब्यकित, व्यति, वेक्ती | ६६ | ६६ | ३४ | ३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| विश्व | विसौ, विस्यो, बिशो, विशेसो, विसो, बीस्त्यो, विश्यो, विश्यी, विसी, बीसो, विराब | ६१ | ६१ | ३९ | ३९ |
| शरीर | शरिर, सरीर, शरीर, सरिर, सरिल, सरीण, सरिज, सरार | ५२ | ५२ | ४८ | ४८ |
| विज्ञान | विजान, वीज्ञान, विज्ञान, विज्ञयन, विज्ञना, विक्षान, बिज्ञान, निजाता, विजात | २८ | २८ | ७२ | ७२ |

यी उल्लिखित गरिएको तालिकामा २५ ओटा शब्दहरुमा विद्यार्थीहरुले गर्ने त्रुटिहरुलाई प्रस्तुत गरिएको छ । नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुको श्रुति लेखन गर्ने क्रममा गरेका त्रुटिहरुलाई तालिकाबद्ध गरी त्रुटि गर्नेको सङ्ख्या र शुद्ध गर्नेको सङ्ख्या प्रस्तुत गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीले २५ ओटा शब्दहरुमध्ये सम्पत्ति शब्दलाई अशुद्ध रूप लेख्ने विद्यार्थी सङ्ख्या ५८ प्रतिशत र शुद्ध रूप सम्पत्ति लेख्ने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत रहेको पाइन्छ ।

त्यसै गरी शुद्ध रूप भविष्यलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ६२ प्रतिशत शुद्ध रूप भविष्य लेख्ने विद्यार्थी सङ्ख्या ३८ प्रतिशत रहेको पाइन्छ । शुद्ध रूप बुद्धलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५४ प्रतिशत रहेको पाइन्छ र बुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ४६ प्रतिशत रहेको पाइन्छ । दुर्व्यवहारलाई अशुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या ६५ प्रतिशत र शुद्ध दुर्व्यवहार लेख्ने विद्यार्थी सङ्ख्या ३५ प्रतिशत रहेको पाइन्छ ।

त्यसै गरी विष्णुमतीलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५२ प्रतिशत र शुद्ध रूप विष्णुमती लेख्ने विद्यार्थी सङ्ख्या ४८ प्रतिशत रहेको छ । कुबेर शब्दलाई अशुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या १२ प्रतिशत र शुद्ध कुबेर शब्द लेख्ने विद्यार्थीको सङ्ख्या ८८ प्रतिशत रहेको पाइन्छ । ऋण शब्दलाई अशुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या ७२ प्रतिशत र शुद्ध ऋण शब्द लेख्ने विद्यार्थीको २८ प्रतिशत रहेको छ । गणेश शब्दलाई अशुद्ध लेख्ने

विद्यार्थीको सङ्ख्या ६३ प्रतिशत र शुद्ध गणेश लेख्ने विद्यार्थीको ३७ प्रतिशत रहेको देखिन्छ ।

त्यसै गरी महतत्वपूर्ण शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ७२ प्रतिशत र शुद्ध महत्त्वपूर्ण शब्द लेख्ने विद्यार्थीको सङ्ख्या २८ प्रतिशत रहेको छ । चाडपर्व शब्दलाई अशुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या ५२ प्रतिशत र शुद्ध चाडपर्व लेख्ने विद्यार्थीको सङ्ख्या ४८ प्रतिशत रहेको देखिन्छ । 'शीत' शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या २१ प्रतिशत र शुद्ध शीतका लेख्ने विद्यार्थी सङ्ख्या ७९ प्रतिशत रहेको पाइन्छ । सान्त्वना शब्दलाई अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ७४ प्रतिशत र शुद्ध सान्त्वना लेख्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत रहेको देखिन्छ । विशिष्ट शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ६९ प्रतिशत र शुद्ध विशिष्ट लेख्ने विद्यार्थीको सङ्ख्या ३१ प्रतिशत रहेको छ । व्यवहार शब्दलाई अशुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या ४२ प्रतिशत र शुद्ध व्यवहार लेख्ने विद्यार्थीको सङ्ख्या ५८ प्रतिशत रहेको छ । स्कुल शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या २३ प्रतिशत र स्कुल शुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ७७ प्रतिशत रहेको पाइन्छ ।

पृथ्वी शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ७४ प्रतिशत र शुद्ध पृथ्वी लेख्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत रहेको छ । त्यसै गरी क्रमश घोषित शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ३१ प्रतिशत र शुद्ध घोषित लेख्ने विद्यार्थी सङ्ख्या ३१ प्रतिशत रहेको पाइन्छ । आवश्यक शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५६ प्रतिशत र शुद्ध आवश्यक लेख्ने विद्यार्थी सङ्ख्या ४४ प्रतिशत रहेको पाइन्छ । भलिबल शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ३६ प्रतिशत र शुद्ध भलिबल लेख्ने विद्यार्थी सङ्ख्या ७४ प्रतिशत रहेको छ । चरण शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत र शुद्ध चरण लेख्ने विद्यार्थी सङ्ख्या ७४ प्रतिशत रहेको छ ।

विषालु शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५६ प्रतिशत र शुद्ध विषालु शब्द लेख्ने विद्यार्थी सङ्ख्या ४४ प्रतिशत रहेको पाइन्छ । व्यक्ति शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ६६ प्रतिशत र शुद्ध व्यक्ति लेख्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत रहेको देखिन्छ । विश्व शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ६० प्रतिशत र शुद्ध विश्व लेख्ने विद्यार्थी सङ्ख्या ४० प्रतिशत रहेको देखिन्छ । शरीर शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५१ प्रतिशत र शुद्ध शरीर लेख्ने विद्यार्थी सङ्ख्या ४९ प्रतिशत रहेको पाइन्छ ।

विज्ञान शब्दलाई अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ८ प्रतिशत र शुद्ध विज्ञान लेख्ने विद्यार्थी सङ्ख्या ८२ प्रतिशत रहेको पाइन्छ ।

यी उल्लिखित तालिकामा प्रत्येक विद्यार्थीको २५ ओटा शब्दहरुलाई जोड्दा १०० जना विद्यार्थीको २५०० ओटा शब्दहरु हुन्छन् । त्यसमा सम्पूर्ण १०० विद्यार्थीहरुको अशुद्ध लेख्ने र शुद्ध लेख्ने विद्यार्थीहरुलाई छुट्याइ प्रतिशतमा प्रस्तुत गरिएको छ । १०० जना विद्यार्थीहरुमध्ये अशुद्ध लेख्ने १३१५ र शुद्ध शब्द लेख्ने ११८५ विद्यार्थीहरु रहेको देखिन्छ । यसरी हेर्दा शब्दगत वर्ण विन्यासको विश्लेषण गर्दा शुद्ध लेख्ने भन्दा अशुद्ध शब्द लेख्ने विद्यार्थीको सङ्ख्या बढी रहेको देखिन्छ ।

## ४.२ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

प्रस्तुत शोध अध्ययन सम्पन्न गर्नको लागि तीन ओटा उद्देश्य समावेश गरिएको छ । जसमा कक्षा चारमा अध्ययनरत नवलपरासी जिल्लाका विद्यार्थीहरुको श्रुति लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्य पूरा गर्नका लागि नवलपरासी जिल्लाका दश ओटा विद्यालयका १०० जना विद्यार्थीबाट साङ्ख्यिकीय आधारमा विश्लेषण गरी व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशतमा रूपान्तरण गरेर तुलनात्मक निष्कर्षका आधारमा सुझाब समेत प्रस्तुत गरिएको छ । प्रस्तुत शोध कार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरुको विस्तृत विवरण विश्लेषण सहित निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.२.१ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. १**

**समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| १०० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ३ | ३ | ९ | ९ | ३६ | ३६ | ५२ | ५२ |

प्रस्तुत तालिका अनुसार समस्त विद्यार्थीको क्षमताको प्रतिशत गणना प्रतिनिधि जनसङ्ख्या रूपमा छनोट गरिएका कुल विद्यार्थीको सङ्ख्या १०० जनालाई उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा चार श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार श्रुति लेखन क्षमताको विश्लेषण गर्नका लागि ४० प्रतिशत भन्दा कम प्रतिशत भएका विद्यार्थीहरुलाई अनुत्तीर्ण निर्धारण गरिएको छ । यसमा अनुत्तीर्ण विद्यार्थीहरुको सङ्ख्या ३ प्रतिशत देखिन्छ । त्यसै गरी श्रुति लेखन क्षमता ४०-५० प्रतिशत सम्म भएका विद्यार्थी सङ्ख्या ९ प्रतिशत देखिन्छ । ५०-६० प्रतिशतसम्म श्रुति लेखन भएका विद्यार्थी सङ्ख्या ३६ प्रतिशत देखिन्छ ६० प्रतिशत भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ५२ प्रतिशत रहेको देखिन्छ ।

यसरी सबैभन्दा न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ३ प्रतिशत र सबैभन्दा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ६० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ५२ प्रतिशत देखिएको छ । यस अध्ययनमा मापन गरिएको न्यूनतम अङ्क र उच्चतम् अङ्कमा २२ प्रतिशतको अन्तर देखिएको छ । यसैगरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९७ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

यसरी समग्र दश विद्यालयका १०० जना विद्यार्थीहरुको श्रुति लेखन क्षमता अध्ययन गर्दा समग्र १०० जना विद्यार्थीको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

### ४.२.२ मध्यमानका आधारमा समग्र श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. २**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| १०० | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ४०.९० | ४७ | ४७ | ५३ | ५३ |

उल्लिखित तालिकालाई हेर्दा १०० जना विद्यार्थीको मध्यमान ४०.९० रहेको पाइन्छ । समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता पत्ता लगानका लागि समग्र विद्यार्थीको अङ्कलाई प्रतिशतमा परिवर्तन गरी त्यसैको आधारमा मध्यमान निकालिएको छ । मध्यमान ४०.९० लाई आधार मानी हेर्दा मध्यमान भन्दा माथिको अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ५३ प्रतिशत रहेको पाइन्छ । यसरी मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्याको अन्तर ६ प्रतिशत रहेको छ । नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीको श्रुति लेखन क्षमता समग्रमा उच्च नै रहेको देखिन्छ ।

यसरी समग्रमा नवलपरासी जिल्लामा रहेका विभिन्न दश विद्यालयका जम्मा १०० जना विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति र मध्यमानको आधारमा श्रुति लेखन क्षमता उच्च नै रहेको पाइन्छ ।

# अध्याय : पाँच

## भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

यस अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषाको अध्ययन गरिरहेका विद्यार्थीहरुको श्रुति लेखन क्षमतामा देखिएका कमजोरीहरुको अध्ययन गरिएको छ। नेपाली भाषा दोस्रो भाषाका रूपमा अध्ययन गर्दा उनीहरुको पहिलो भाषाले पार्ने कठिनाइका कारण नेपाली भाषाका वर्ण, पदयोग, पदवियोग, मात्रगत त्रुटिहरु प्रशस्त गर्ने गरेको पाइयो । तर नेपाली भाषालाई पहिलो भाषाका रूपमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई भने श्रुति लेखन कार्य सामान्य रूपमा वर्ण विन्यास, चिह्न प्रयोग, वाक्य गठनमा उनीहरुको स्तर अनुरूपभन्दा उच्च कुनै पनि कठिनाइ रहेको छैन । यस तथ्यलाई तालिकामा प्रस्तुत गरिएको छ।

### ५.१ भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमताको स्थिति

नवलपरासी जिल्लाको कक्षा चारमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययन गर्ने ३५ जना पहिलो भाषी र १५ जना दोस्रो भाषी गरी जम्मा ५० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ। त्यसै गरी संस्थागत विद्यालयमा अध्ययन गर्ने पहिलो भाषी ३७ जना र दोस्रो भाषी १३ जना गरी जम्मा ५० जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ। समग्रमा दुवै विद्यालयबाट २८ जना दोस्रो भाषी र ७२ जना पहिलो भाषी गरी जम्मा १०० जना विद्यार्थीहरुलाई लिइएको छ । पहिलो भाषी र दोस्रो भाषीको प्रतिशताङ्क र मध्यमान प्रस्तुत गरी यी दुई बीचको तुलनात्मक अध्ययन निम्नानुसार गरिएको छ।

#### ५.१.१ पहिलो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा कक्षा चारमा अध्ययन गर्ने पहिलो भाषी विद्यार्थीको श्रुति लेखन क्षमताको समग्र स्थितिलाई निम्न प्रतिशताङ्क र मध्यमानको आधारमा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**पहिलो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ७२ | २ | २.७८ | ७ | ९.७२ | २६ | ३६.११ | ३७ | ५१.३९ |

माथिको तालिकामा समग्र पहिलो भाषी विद्यार्थी ७२ जना रहेका छन् । यी ७२ जना विद्यार्थीमध्ये ४० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २.७८ प्रतिशत रहेको छ । त्यसै गरी ४०-५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९.७२ प्रतिशत रहेको छ । ५०-६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३६.११ प्रतिशत रहेको छ भने ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५१.३९ प्रतिशत रहेको छ । उच्च र निम्न प्रतिशत निर्धारण गरे अनुसार यी दुई बिच ४८.६१ प्रतिशत ले अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २.७८ प्रतिशत र ४० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९७.२२ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा नवलपरासी जिल्लाको कक्षा चारमा अध्ययनरत पहिलो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ५.१.२ मध्यमानको आधारमा पहिलो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. ४**

**मध्यमानको आधारमा पहिलो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| ७२ | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ४१.१८ | ३२ | ४४.४४ | ४० | ५५.५६ |

माथिको तालिकामा कुल विद्यार्थी ७२ मध्ये मध्यमान ४१.१८ रहेको छ । मध्यमान भन्दा माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ५५.५६ प्रतिशत रहेको छ । मध्यमान भन्दा तलको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४४.४४ प्रतिशत रहेको छ । मध्यमान भन्दा तल र माथिको श्रुति लेखन क्षमता भएका विद्यार्थीको अन्तरलाई हेर्दा ११.१२ प्रतिशत ले अन्तर देखिन्छ ।

### ५.१.३ दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. ५**

**दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २८ | १ | ३.५७ | २ | ७.१४ | १० | ३५.७१ | १५ | ५३.५७ |

माथिको तालिकालाई हेर्दा दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता कक्षा चारमा अध्ययनरत कुल २८ जना विद्यार्थी रहेका छन् । ती विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ जसमा श्रुति लेखन क्षमताको अनुत्तीर्ण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम रहेको छ । प्रस्तुत तालिकाका आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३.५७ प्रतिशत रहेको छ । ४०-५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७.१४ प्रतिशत रहेको छ । ५०-६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३५.७१ प्रतिशत रहेको छ । ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५३.५७ प्रतिशत रहेको छ । उच्च र निम्न प्रतिशत निर्धारण गरेअनुसार यी दुई बिच ५० प्रतिशत ले अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९६.४२ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र रूपमा हेर्दा नवलपरासी जिल्लाको कक्षा चारमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता पनि उच्च नै रहेको पाइन्छ ।

### ५.१.४ मध्यमानको आधारमा दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता

तालिका नं. ६

मध्यमानको आधारमा दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २८ | ३९.५० | १५ | ५३.५७ | १३ | ४६.४३ |

प्रस्तुत तालिकामा समग्र दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानको आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ३९.५० रहेको छ । मध्यमानलाई आधार मानि हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका दोस्रो भाषी विद्यार्थीको सङ्ख्या ५३.५७ प्रतिशत रहेको छ । मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका दोस्रो भाषी विद्यार्थीको सङ्ख्या ४६.४३ प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल ६.९३ प्रतिशत अङ्कले अन्तर देखिन्छ ।

### ५.१.७ पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

चित्र नं. १

पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरुको श्रुति लेखन क्षमता



माथिको स्तम्भ चित्रमा नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत पहिलो भाषी र दोस्रो भाषी गरी १०० जना विद्यार्थीलाई निर्माण गरेको सामग्रीमा प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । उक्त प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरिएको छ । जहाँ ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २.७८ प्रतिशत रहेको छ । ४०-५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९.७२ प्रतिशत रहेको छ । ५०-६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३६.११ प्रतिशत रहेको छ भने ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ५१.३९ प्रतिशत रहेको छ । त्यसै गरी दोस्रो भाषी २८ जना विद्यार्थीमध्ये ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३.५७ प्रतिशत रहेको छ । ४०-५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७.१४ प्रतिशत रहेको छ । ५०-६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३५.५१ प्रतिशत र ६० भन्दा माथि ५३.५७ रहेको छ ।

समग्रमा पहिलो भाषी विद्यार्थी मध्ये ४० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९७.२२ प्रतिशत रहेको छ । दोस्रो भाषी विद्यार्थीको प्रतिशत ३.५७ रहेको छ र ४० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९६.४२ प्रतिशत रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता ०.८० प्रतिशत ले अन्तर देखिन्छ । समग्रमा हेर्दा दोस्रो भाषी विद्यार्थीको तुलनामा पहिलो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता अलि राम्रो देखिन्छ ।

# अध्याय : छ

# लैङ्गिकता, वर्ण विन्यास र चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको स्थिति

चिह्न प्रयोग अन्तर्गत नेपाली भाषामा प्रयोग गरिने जस्तै (ँ, ं, “, ”, !, ।, ?, ि, ी) चन्द्रबिन्दु, शिरबिन्दु, अल्पविराम, पूर्ण विराम, प्रश्न वाचक चिह्न, उद्गार चिह्न, उद्धरण चिह्नहरुको प्रयोगमा विद्यार्थीहरुले भनेको कुरा सुनेर लेख्ने क्रममा बोलेको गति, यति, चिह्न प्रयोगअनुसारका हाउभाउको ख्याल गर्ने कुरामा सचेतता अपनाए पनि पर्याप्त मात्रामा भनेका आधारमा चिह्न प्रयोग गर्न कठिनाइ महसुस गरेको पाइयो । उक्त तथ्याङ्कलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

## ६.१ लैङ्गिकताका आधारमा छात्रा र छात्रको श्रुति लेखन क्षमताको स्थिति

नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्रा २५ र संस्थागत विद्यालयमा अध्ययन गर्ने छात्र २५ गरी ५० र सामुदायिक विद्यालयको छात्रा २५ र संस्थागत विद्यालयका छात्र २५ जना गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ । छात्र र छात्राको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमान प्रस्तुत गरी यी दुई बिचको तुलनात्मक अध्ययन पनि निम्नानुसार प्रस्तुत गरिएको छ :

### ६.१.१ समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति

सामुदायिक र संस्थागत विद्यालयको कक्षा चारमा अध्ययन गर्ने छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको समग्र स्थितिलाई निम्न प्रतिशताङ्क र मध्यमानको आधारमा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ७

### समग्र छात्राहरुको श्रुति लेखन क्षमता

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | ३ | ६ | ४ | २८ | ३२ | ६४ |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र सामुदायिक र संस्थागत विद्यालयका कक्षा चारमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ । जस अन्तर्गत श्रुति लेखन क्षमताको अनुत्तीर्ण अङ्क ४० प्रतिशत भन्दा कम रहेको छ। प्रस्तुत तालिकाको आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २ प्रतिशत रहेको छ।

त्यसै गरी ४०-५० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६ प्रतिशत रहेको छ। ५०-६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २८ प्रतिशत रहेको छ भने ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६४ प्रतिशत रहेको छ । निम्न र उच्चतम अङ्क निर्धारण गरेअनुसार यी दुई बिच ६२ प्रतिशतको अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क ल्याउने ९८ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र रूपमा हेर्दा नवलपरासी जिल्लामा अध्ययनरत छात्राको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ।

### ६.१.२ मध्यमानका आधारमा समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति

### तालिका नं. ८

### मध्यमानका आधारमा समग्र छात्राहरुको श्रुति लेखन क्षमता

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.४४ | २५ | ५० | २५ | ५० |

प्रस्तुत तालिकामा समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानको आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ४२.४४ प्रतिशत रहेको छ । ४२.४४ मध्यमानलाई आधार मानि हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ५० प्रतिशत र मध्यमान भन्दा तल ५० प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या बराबर रहेको देखिन्छ ।

### ६.१.३ समग्र छात्रहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. ९**

**समग्र छात्रहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २ | ४ | ६ | १२ | २२ | ४४ | २० | ४० |

माथि प्रस्तुत गरेको तालिकामा सामुदायिक र संस्थागत विद्यालयको कक्षा चारमा अध्ययनरत ५० जना छात्र विद्यार्थीको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिको छ । जस अनुसार श्रुति लेखन क्षमताको अनुत्तीर्ण अङ्क ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४ प्रतिशत रहेको छ । ४०-५० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत रहेको छ । त्यसै गरी ५०-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४४ प्रतिशत रहेको छ भने ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४० प्रतिशत रहेको देखिन्छ । न्यून र उच्च प्रतिशत निर्धारण गरेअनुसार यी दुई बीच ३६ प्रतिशतको अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४ र ४० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९६ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा दुवै विद्यालयको छात्रहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइयो ।

### ६.१.४ मध्यमानका आधारमा समग्र छात्रहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. १०**

**मध्यमानका आधारमा समग्र छात्रहरुको श्रुति लेखन क्षमता**


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३९.३६ | २० | ४० | ३० | ६० |

प्रस्तुत तालिकामा समग्र छात्रहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानको आधारमा देखाइएको छ । उक्त तालिका अनुसार छात्र विद्यार्थीको मध्यमान ३९.३६ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका छात्र विद्यार्थीहरुको सङ्ख्या ४० र मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६० प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र तल श्रुति लेखन क्षमता भएको विद्यार्थीको अन्तर हेर्दा २० प्रतिशत रहेको छ । समग्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका ५० जना छात्र विद्यार्थीको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ६.१.५ छात्रा र छात्रहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**चित्र नं. २**

**छात्रा र छात्रहरुको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन**



माथिको स्तम्भ चित्रमा नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुलाई श्रुति लेखन गराई उनीहरुले प्राप्त गरेको अङ्कका आधारमा सङ्ख्याको प्रतिशत निकाली त्यसलाई प्रतिशताङ्कमा प्रस्तुत गरिएको छ र चार श्रेणीमा विभाजन गरिएको छ । छात्रा विद्यार्थीहरु मध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २ प्रतिशत, ४० देखि ५० को बीचमा अङ्क ल्याउने ६ प्रतिशत, ५० देखि ६० को बिचमा अङ्क ल्याउने २८ प्रतिशत र ६० भन्दा माथि अङ्क ल्याउने ६४ प्रतिशत रहेको छ । त्यसै गरी छात्रहरुमध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४ प्रतिशत, ४० देखि ५० को बीचमा अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १२ प्रतिशत, ५० देखि ६० को बिचमा अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४४ प्रतिशत र ६० भन्दा माथि ४० प्रतिशत रहेको छ ।

समग्रमा छात्राले ४० भन्दा कम र ४० भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९८ प्रतिशत रहेको छ । छात्रले ४० भन्दा कम ल्याउने सङ्ख्या ४ र ४० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ९६ प्रतिशत रहेको देखिन्छ । दुवै छात्रा र छात्रहरुको श्रुति लेखन क्षमतालाई हेर्ने हो भने छात्राको श्रुति लेखन क्षमता छात्रको भन्दा २ प्रतिशतले बढी रहेको देखिन्छ । त्यसैले तुलनात्मक रूपमा छात्र भन्दा छात्राको श्रुति लेखन क्षमता केही मात्रामा बढी रहेको देखिन्छ ।

### ६.१.६ मध्यमानका आधारमा छात्रा र छात्रहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका नं. ११**

**मध्यमानका आधारमा छात्रा र छात्रहरुको श्रुति लेखन क्षमता**

| विद्यार्थी | विद्यार्थी सङ्ख्या | मध्यमान |
|---|---|---|
| छात्र | ५० | ३९.३६ |
| छात्रा | ५० | ४२.४४ |

माथिको तालिकामा ५० जना छात्रा र ५० जना छात्र गरी जम्मा १०० जना विद्यार्थीलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ । छात्रा र छात्रको श्रुति लेखन क्षमताको मध्यमान क्रमशः ४२.४४ र ३९.३६ रहेको छ ।

प्रस्तुत तालिकालाई मध्यनजर गर्दा छात्रा विद्यार्थीको श्रुति लेखन क्षमताको मध्यमान छात्रको तुलनामा ३.०८ प्रतिशत ले बढी देखिन्छ । समग्रमा छात्रको भन्दा छात्राको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ६.२ वर्ण विन्यास र चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

### ६.२.१ चिह्न प्रयोगको आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

चिह्न प्रयोग अन्तर्गत नेपाली भाषामा प्रयोग गरिने चिह्नहरु जस्तै : चन्द्रविन्दु, शिरविन्दु, अल्पविराम, पूर्णविराम, प्रश्नवाचक चिह्न, उद्गार चिह्न, उद्धरण चिह्न ( ँ, “”, !, ि, ी, ।,?, ) हरुको प्रयोगमा विद्यार्थीहरुले भनेका कुरा सुनेर लेख्ने क्रममा बोलीको गति, यति, चिह्न प्रयोग अनुसारका हाउभाउको ख्याल गर्ने कुरामा सचेतता अपनाए पनि पर्याप्त मात्रामा भनेका आधारमा चिह्न प्रयोग गर्न कठिनाइ महसुस गरेको पाइयो । उक्त तथ्याङ्कलाई प्रतिशतमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ६.२.२ वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. १२**

**वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३१ | ३१ | २९ | २९ | २७ | २७ | १३ | १३ |

माथिको तालिका अनुसार समस्त विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्या रूपमा छनोट गरिएका कुल विद्यार्थीहरुको सङ्ख्या १०० जनालाई उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिको छ । यसरी हेर्दा वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको विश्लेषण गर्नका लागि ४० प्रतिशत भन्दा कम भएका विद्यार्थीहरुको सङ्ख्या ३१ प्रतिशत देखिन्छ । त्यसै गरी ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल भएको विद्यार्थी सङ्ख्या २९ प्रतिशत रहेको छ । ५०-६० को बिचमा विद्यार्थी सङ्ख्या २७ प्रतिशत र ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ प्रतिशत रहेको देखिन्छ ।

यसरी सबैभन्दा न्यूनतम श्रेणीको रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ३१ र सबै भन्दा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ६० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या १३ प्रतिशत रहेको देखिन्छ । यस अध्ययनमा मापन गरिएको न्यून अङ्क र उच्चतम अङ्कमा १८ प्रतिशतको अन्तर देखिएको छ । यसरी न्यून अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३१ प्रतिशत र ४० प्रतिशत भन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६९ प्रतिशत रहेको देखिन्छ ।

### ६.२.३ वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको मध्यमान स्थिति

**तालिका नं. १३**

**वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३५.६ | ६७ | ६७ | ३३ | ३३ |

माथिको तालिकालाई हेर्दा १०० जना विद्यार्थीहरुको मध्यमान ३५.६ रहेको देखिन्छ । समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन पत्ता लगानका लागि

प्राप्त प्राप्ताङ्कलाई मध्यमानमा प्रस्तुत गरिएको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ६७ प्रतिशत देखिन्छ भने मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ३३ प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्याको अन्तर ३४ प्रतिशत रहेको छ । यसरी समग्रमा मध्यमानका आधारमा भन्नुपर्दा समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

### ६.२.४ लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. १४**

**लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३६ | ३६ | २८ | २८ | २५ | २५ | ११ | ११ |

उक्त तालिका अनुसार समस्त विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थीहरुको सङ्ख्या १०० जनालाई उनीहरुको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । यसरी हेर्दा श्रुति लेखन क्षमताको निर्धारण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम भएको विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत देखिन्छ । त्यस्तै गरी श्रुति लेखन क्षमता ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल भएका विद्यार्थी सङ्ख्या २८ प्रतिशत देखिन्छ । ५०-६० अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २५ प्रतिशत देखिन्छ भने ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ११ प्रतिशत देखिएको छ ।

यसरी न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत र उच्चतम अङ्क मापन गरिएको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ११ प्रतिशत देखिएको छ । यस अध्ययनमा मापन गरिएको उच्चतम अङ्क ६० प्रतिशत भन्दा माथि र निम्न अङ्क ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु बिचको अन्तर २५ प्रतिशत देखिएको छ ।

### ६.२.५ मध्यमानका आधारमा लेख्य चिह्नको श्रुति लेखन क्षमताको स्थिति

**तालिका नं. १५**

**मध्यमानका आधारमा लेख्य चिह्नको श्रुति लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३३.७५ | ६६ | ६६ | ३४ | ३४ |

प्रस्तुत तालिकामा मध्यमान ३३.७५ रहेको छ । उक्त तालिका अनुसार मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६६ प्रतिशत र मध्यमान भन्दा तल रहेकाहरुको सङ्ख्या ३४ प्रतिशत रहेको देखिन्छ । मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या भन्दा ३२ प्रतिशत बढी रहेको पाइन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमता मध्यम रहेको पाइन्छ ।

# अध्याय –सात

# सारांश, निष्कर्ष र उपयोगिता

प्रस्तुत अध्ययनको उद्देश्य नवलपरासी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन गर्नु रहेको थियो । जसअनुसार चिह्न प्रयोग र वाक्य गठनका आधारमा उनीहरुको श्रुति लेखन क्षमताको विश्लेषण गरिएको छ । यस अध्ययनमा तालिकामा राखिएका तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी सारांश, निष्कर्ष र उपयोगिताहरुलाई समेटिएको छ ।

## ७.१ सारांश

वर्तमान आधारभूत तहका पाठ्यक्रमले कक्षा चारको नेपाली विषयको भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित विभिन्न सक्षमताहरु निर्धारण गरेको छ । पाठ्यक्रमले तोकेको भाषिक सिपसँग सम्बन्धित सक्षमता प्राप्तिको लागि कक्षा पाँचको नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रहरु समावेश गरिएको छ । प्रस्तुत शोध अध्ययन कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता पत्ता लगाउन गरिएको यस शोध अध्ययनमा नवलपरासी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले १०० जनालाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ । नमुना छनोटमा परेका १०० जना विद्यार्थीलाई श्रुति लेखन गराइएको थियो । परीक्षणबाट प्राप्त तथ्याङ्कलाई पहिलो र दोस्रो भाषा र छात्रा र छात्र बिचको क्षमता र वर्ण विन्यास र लेख्य चिह्नहरुको क्षमता समेत निकालिएको छ ।

प्रस्तुत शोधपत्रलाई सात अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा, तेस्रो अध्यायमा शोधविधि र अध्ययन प्रक्रिया, चौथो अध्यायमा व्याख्या र विश्लेषण रहेको छ । जसमा नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गर्नु शीर्षकको उद्देश्यलाई व्याख्या विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायमा भाषिकताका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलना गर्नु शीर्षकको उद्देश्यलाई व्याख्या विश्लेषण गरिएको छ, छैटौँ अध्यायमा

लैङ्गिकता, वर्ण विन्यास र लेख्य चिह्नको प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन गर्नु रहेको छ र सातौँ अध्यायमा सारांश, निष्कर्ष र उपयोगिताको अध्ययन गरिएको छ ।

नवलपरासी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन कार्यमा दृष्टांश र पाठबाट र अदृष्टांश पाठबाट सामाग्री सङ्कलन गरि छनोटमा परेका १०० जना विद्यार्थीलाई सुनेको आधारमा लेख्न लगाइएको छ । समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ । विद्यालयको लैङ्गिकताको आधारमा दुबै विद्यालयको छात्रा र छात्रको श्रुति लेखन क्षमतामध्ये छात्रको श्रुति लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यसै गरी भाषिकताको आधारमा पनि पहिलो भाषी भन्दा दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता न्युन रहेको पाइन्छ ।

## ७.२ निष्कर्ष

नवलपरासी जिल्लाका कक्षा चारका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता अध्ययनबाट प्राप्त निष्कर्षहरु निम्न अनुसार रहेको छ :

- समग्र विद्यार्थीहरुको प्रतिशाताङ्क र मध्यमानको आधारमा विद्यार्थीहरु मध्यमानभन्दा तल ५३ प्रतिशत र मध्यमानभन्दा माथि ४७ प्रतिशत रहेको छ । यहाँ  मध्यमानभन्दा माथि थोरै र मध्यमानभन्दा तल धेरै विद्यार्थी रहनाले कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता कमजोर रहेको देखिन्छ ।
- लैङ्गिताको आधारमा समग्र मध्यमानलाई आधार मान्दा छात्राहरुको श्रुति लेखन क्षमता मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत रहेको छ । यहाँ मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि बराबर भएको हुनाले छात्राहरुको श्रुति लेखन क्षमता ठिकै मान्न सकिन्छ ।
- छात्रहरुको श्रुति लेखन क्षमता मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेकाले छात्रहरुकोमा केही कमीकमजोरीहरु रहेको पाइन्छ । ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४

प्रतिशत र ४० प्रतिशत भन्दा माथि ल्याउने विद्यार्थीहरु सङ्ख्या ९६ प्रतिशत रहेको छ । यसमा ४ प्रतिशत अनुत्तीर्ण हुनु पनि केही कमीकमजोरी रहेको पाइन्छ । समग्रमा ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यहाँ छात्रा उत्तीर्णाङ्क ९८ प्रतिशत रहेको छ भने छात्रको उत्तीर्णाङ्क सङ्ख्या ९६ प्रतिशत रहेको छ ।

- भाषिक पृष्ठभूमिका आधारमा हेर्दा पहिलो भाषी विद्यार्थी जम्मा ७२ जना विद्यार्थीहरुमा मध्यमान ४१.१८ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४४.४४ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५५.५६ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल र माथि ११.१२ प्रतिशत बढि रहेको छ । ११.१२ ले तल हुनु पहिलो भाषी विद्यार्थीमा श्रुति लेखन क्षमतामा केही मात्रामा कमजोरी देखिन्छ ।
- दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन हेर्दा जम्मा २८ जना विद्यार्थीहरु मध्ये जम्मा चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्कलाई हेर्दा ४० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या ३.५७ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क ल्याउने ९६.४२ प्रतिशत रहेको छ । श्रुति लेखन क्षमता दोस्रो भाषी विद्यार्थीमा ९६.४२ प्रतिशत हुनु राम्रो मान्न सकिन्छ ।
- मध्यमानको आधारमा दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता ३९.५० प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ५३.५७ प्रतिशत छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६.४३ प्रतिशत रहेको छ ।
- पहिलो भाषी र दोस्रो भाषीको तुलना गर्दा पहिलो भाषी ७२ जना विद्यार्थीमध्ये ४० प्रतिशतभन्दा कम ल्याउने २.७८ प्रतिशत छ भने दोस्रो भाषीमा २८ जनामा ३.५७ प्रतिशत रहेको छ । पहिलो भाषी मध्ये ४० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थीको सङ्ख्या ९७.२२ प्रतिशत रहेको छ । दोस्रो भाषीको ४० प्रतिशतभन्दा कम ल्याउने ३.५७ प्रतिशत रहेको छ र ४० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९६.४२ रहेको छ । यहाँ

पहिलो भाषी विद्यार्थी भन्दा दोस्रो भाषी विद्यार्थीको श्रुति लेखन क्षमता ०.८० प्रतिशतले कमजोर रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत शोधका उपयोगिताहरुलाई निम्नानुसार दुई तहमा देखाउन सकिन्छ :

### ७.३.१ नीतिगत उपयोगिता

नीतिगत उपयोगितालाई निम्नानुसार देखाउन सकिन्छ :

- यस शोध अध्ययनबाट विद्यार्थीहरुको श्रुति लेखन क्षमता पहिचान हुने हुँदा पाठ्यक्रम निर्मातालाई उपयुक्त पाठ्यक्रम निर्माण गर्ने आधार मिल्न सक्छ ।
- यस शोध अध्ययनबाट नेपाली भाषा शिक्षणका निम्ति आवश्यक नीति नियम विनियोजन गर्ने आधार प्राप्त हुन सक्छ ।
- यस शोध अध्ययनबाट पाठ्यपुस्तक परिष्कार परिमार्जन गर्ने आधारहरु प्राप्त हुन सक्छ ।

### ७.३.२ प्रयोगगत उपयोगिता

- यस शोधको अध्ययनबाट शिक्षकहरुलाई भाषा शिक्षण गर्न सहयोग पुग्ने देखिन्छ ।
- यस शोधको अध्ययनबाट शिक्षकहरुलाई विद्यार्थीको उमेर, स्तर, रुचि र क्षमतालाई बुझेर भाषा शिक्षण गर्न सहयोग पुग्ने देखिन्छ ।
- यस अध्ययनले विद्यार्थी अनुरूपका भाषा शिक्षण सम्बन्धी शैक्षिक सामग्री निमार्ण गर्न सहयोग मिल्ने देखिन्छ ।
- यसबाट वक्ताले श्रोतालाई स्पष्टसँग बोलेर बोध गरी लेख्ने क्षमताको विकास गर्न सहयोग मिल्ने देखिन्छ ।
- भाषा शिक्षकहरुलाई श्रुति लेखन गराउँदा कुन विधि प्रक्रियालाई अपनाउनु पर्छ भन्ने कुरामा सहयोग पुग्ने देखिन्छ ।

## ७.४ सुझाव

- यस विद्यालयबाट कक्षा चारमा अध्ययनरत समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमतामा ३ प्रतिशत विद्यार्थीले नेपाली भाषा शिक्षणमा श्रुति लेखन सम्बन्धि क्रियाकलापलाई अनिवार्यता दिन आवश्यक देखिन्छ ।
- लैङ्गिकताका आधारमा छात्रको भन्दा छात्राको श्रुति लेखन क्षमता राम्रो रहेको देखिन्छ । छात्रहरुलाई उनिहरुको रुचि क्षमता आवश्यकता आदिलाई ध्यान दिएर शिक्षण गर्नु पर्ने आवश्यक देखिन्छ । नेपाली विषय सरल सम्झी त्यस विषयतर्फ ध्यान नदिनुले पनि यस्तो हुन सक्छ । त्यसलाई सुधार गर्न नेपाली विषयलाई पनि अन्य विषयलाई जत्तिकै महत्त्व दिनुपर्ने देखिन्छ ।
- भाषिकताको आधारमा पहिलो भाषिको भन्दा दोस्रो भाषीको श्रुति लेखन क्षमता अलि कमजोर देखिन्छ । दोस्रो भाषीको श्रुति लेखन क्षमता कमजोर हुनुमा पहिलो भाषीको प्रभावले पनि हुन सक्छ । त्यसैले दोस्रो भाषी विद्यार्थीलाई नेपाली शिक्षण गर्दा उनीहरुको मनोभावना बुझेर शिक्षण गर्नुपर्ने देखिन्छ ।
- कतिपय विद्यालयको शिक्षण गर्दा एक ठाउँमा बसेर भन्दा विद्यार्थीको ध्यान सुनाइ भन्दा अन्यत्र मोडिने भएकोले व्याख्यानका साथसाथै शारिरीक चेष्टा हाउभाउ आदिको प्रयोग गरी श्रुति लेखन क्रियाकलाप गराउनुपर्ने देखिन्छ ।
- शिक्षणको क्रममा शिक्षकको नजर सबै विद्यार्थी माथि पुऱ्याउनु पर्ने देखिन्छ ।
- पठनपाठनको सामग्री समय अनुसार वा पाठ्यपुस्तक अनुसारका सामग्री प्रयोग हुन सकेको छैन पाठ्यसामग्री  साथै श्रव्य दृश्य र श्रव्य सामग्रीलाई प्रयोग गर्न सकियो भने श्रुति लेखन क्षमताको अझै विकास गर्न सकिन्छ ।
- श्रुति लेखनलाई पाठ्यपुस्तकको मूल्याङ्कन प्रणाली भित्र समेट्न पर्छ किन भने पढेर लेख्ने परिपाटी बसेकाले सुन्ने क्षमता प्रति त्यति ध्यान नदिने

हुनाले सुनेको कुरा लेख्ने जस्ता मूल्याङ्कन प्रणाली राख्नुपर्ने आवश्यकता देखिन्छ ।

- विद्यालय शान्त स्थानमा बनाउनुका साथै विद्यालयभित्र र वरपरको वातावरण शान्त हुन जरुरी छ । विद्यार्थीहरुलाई श्रुति लेखनको समयभरी होहल्ला रहित वातावरणको सृजना गर्नुपर्छ जहाँ विना अवरोध सजिलै श्रुति लेखन गर्न सक्छन् ।
- विद्यालयमा श्रुति लेखन क्षमता विकास गर्नका लागि हप्तामा एकपटक श्रुति लेखन गराउनु पर्दछ ।
- श्रुति लेखन क्षमता विकास गर्नका लागि कक्षाको शान्त वातावरणमा विद्यार्थीलाई लेख्न लगाइ शुद्ध, अशुद्ध परीक्षण गर्न लगाउनु पर्छ ।
- श्रुति लेखन विद्यार्थीहरुको आधारभूत भाषिक सिप भएकाले पाठ्य सामाग्री छनोट गर्दा विषयबस्तु, क्षेत्र, लिङ्ग, उमेर स्थानीयता, कक्षा, तह आदि पक्षको ख्याल गर्नुपर्ने देखिन्छ ।
- श्रुति लेखनका लागि स्पष्ट पाठ्यसामग्री र अङ्कभार छुट्याई कार्यान्वयनमा जोड दिनुपर्छ ।
- श्रुति लेखन क्षमतामा देखा पर्ने कमजोरी शारीरिक एवम् मानसिक र वातावरणीय कुन हो शिक्षकले राम्रोसँग छुट्याई कार्यान्वयनमा जोड दिनुपर्छ ।
- श्रुति लेखनको सामग्री शिक्षक अथवा विद्यार्थीले वाचन गर्दा हाउभाउ एवम् उच्चारण गर्दा नहडबडाइ, गति र लेख्य चिह्न आदिको बेवास्ता गर्दा श्रुति लेखनमा कमजोरी आउने भएकोले यसमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ७.५ भावी अनुसन्धानको लागि सम्भावित शीर्षकहरु

क) कक्षा तिन पुरा गरेका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन ।

ख) आधारभूत तह पुरा गरेका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन ।

ग) आधारभूत तहमा श्रुति लेखन शिक्षण गर्न अपनाइने शिक्षण विधिहरुको अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०६५), ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६७), ***भाषा शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, काशीराज (२०६४), ***कक्षा सात पूरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), ***काठमाडौँ जिल्लाका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, नविन (२०६७), ***कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको एक अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चापागाई, सुरेन्द्र (२०६६), ***कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, कौशिला (२०६९), ***कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

धिताल, अञ्जु (२०६९), ***सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डेय, दिपक (२०६८), ***उच्च मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल केशवराज र अन्य (२०६९), ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधव प्रसाद (२०७०) ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, तिर्थराज (२०६५), ***कक्षा नौ पुरा गरेका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बराल, कृष्णहरि (२०६६), ***कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,*** शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८) ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ ; पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८) ***नेपाली भाषा र साहित्य शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७२) ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट – १

## अध्ययनका क्रममा छनोटमा परेका सामुदायिक विद्‌यालयका विद्‌यार्थीहरुको नामावली

१. श्री राजा महात्मा पूर्णभद्र उच्च माध्यमिक विद्‌यालय, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०२७)

| क. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | रोशन परियार | ववीता राई |
| २ | सन्देश वि.क. | सुनिता पाण्डे |
| ३ | लिल बहादुर सोमै मगर | हेमकुमारी मगर |
| ४ | मनिष वि.क. | सर्मिला सिग्देल |
| ५ | नरायन भट्टराई | प्रतिमा रिमाल |

२. श्री आम्बास प्राथमिक विद्‌यालय, आम्बास, नवलपरासी (स्था. २०४०)

| क. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | कमल बस्याल | अम्बिका चौधरी |
| २ | शिर्षक राउत | पुजा कुर्मी |
| ३ | मनिष वि.क. | अनिषा चौधरी |
| ४ | रेशम गिरि | आस्था चौधरी |
| ५ | देव बहादुर थापा | समिक्षा रिजाल |

३. श्री गंगा माध्यमिक विद्‌यालय, गंगाबस्ती, नवलपरासी (स्था. २०३७)

| क. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | दीपक हरिजन | हिमा कुमाल |
| २ | रोशन सापकोटा | सुजना गुरुङ |
| ३ | ऋषिराम कडेल | अनिता परियार |
| ४ | समिर सुनार | परि थापा |
| ५ | पवन वि.क. | रविना चौधरी |

४. बसन्त माध्यमिक विद्यालय, बसन्तपुर, नवलपरासी (स्था. २०४४)

| क. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | मनिष पाण्डे | अनिता घिमिरे |
| २ | भुपेन्द्र कुमाल | मनिषा कुमारी चौधरी |
| ३ | दिपेश अधिकारी | सदीक्षा न्यौपाने |
| ४ | रावल सुनार | चित्ररेखा थारु |
| ५ | सुजन चौधरी | पल्लवी क्षेत्री |

५. दिव्यज्योति उच्च माध्यमिक विद्यालय, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०३४)

| क. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | विजय हरिजन | सदीक्षा तिवारी |
| २ | स्पन्दन तिमिल्सिना | विनिता चौधरी |
| ३ | अरुण खड्का क्षेत्री | अनुश्का न्यौपाने |
| ४ | विवेक गुरुङ | शिखा क्षेत्री |
| ५ | सुजन पाण्डे | अनिसा गिरि |

## परिशिष्ट - २

## अध्ययनका क्रममा छनोटमा परेका संस्थागत विद्यालयका विद्यार्थीहरुको नामावली

१. न्यु लाइफ सेकेन्डरी स्कुल, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०५१)

| क्र. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | संजय कुँवर | गंगा भण्डारी |
| २ | प्रज्वल आचार्य | दिलमाया चौधरी |
| ३ | शुसिल खडाल | प्रियंका श्रेष्ठ |
| ४ | गौरव थापा | सविना काफ्ले |
| ५ | योगेश न्यौपाने | संगिता पौडेल |

२. सालवास सनराइज इङ्लिस सेकेन्डरी स्कुल, तिलकपुर, नवलपरासी (स्था. २०५०)

| क्र. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | प्रतिक सापकोटा | जमुना गिरि |
| २ | रोहन चुहान मगर | अन्जली वि.क. |
| ३ | सुजन वि.क. | बन्दना गैरे |
| ४ | अमित नेपाली | सलिना पौडेल |
| ५ | सरोज पौडेल | गंगा गिरि |

३. कुमुदिनी इङ्ग्लिस बोर्डिङ, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०४९)

| क्र. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | लिलाधर तिवारी | विपिशा बराल |
| २ | सुवित सुनार | निर्मला सारु |
| ३ | दिनेश वि.क. | अनिता क्षेत्री |
| ४ | सुजन खराल | टिङकला थापा मगर |
| ५ | श्रनिश पंगेनी | सुष्मा चौधरी |

४. ग्लोबल एकेडेमी, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०६५)

| क्र. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | मदन अधिकारी | सिमरन चौधरी |
| २ | सुरेन्द्र खाँड | संगिता कुवँर |
| ३ | सुजन खराल | रिता चौधरी |
| ४ | सफल शाही | सृष्टि अधिकारी |
| ५ | सफल सापकोटा | निरुता डुम्रे |

५. बर्दघाट इन्लाइटेनेड इङ्लिस स्कुल, बर्दघाट नगरपालिका, नवलपरासी (स्था. २०५१)

| क्र. स. | छात्र | छात्रा |
|---|---|---|
| १ | बविन आले | सरिका गुरुङ |
| २ | प्रेम सुनार | सुस्मिता श्रेष्ठ |
| ३ | सुनिल वि.क. | सृष्टि श्रेष्ठ |
| ४ | मिलन शर्मा | अनिषा ढकाल |
| ५ | जंग बहादुर चौधरी | रोशना पाण्डे |

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | विजया पौडेल |
| माता | : | देवी पौडेल |
| पिता | : | पिताम्बर पौडेल |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| लिङ्ग | : | महिला |
| सम्पर्क | : | ९८४७२७४०६६ |
| भषा | : | नेपली |

**शैक्षिक योग्यता**

| क.स. | तह | शिक्षण संस्था |
|---|---|---|
| १ | एस.एल.सी. | दिव्यज्योति उच्च माध्यमिक विद्यालय, नवलपरासी |
| २ | १०+२ | दिव्यज्योति बहुमुखी क्याम्पस, नवलपरासी |
| ३ | स्नातक | दिव्यज्योति बहुमुखी क्याम्पस, नवलपरासी |
| ४ | स्नातकोत्तर | विश्व विद्यालय क्याम्पस, त्रि.वि.वि., कीर्तिपुर |